लोकतन्त्रको उपलब्धिको रक्षा गरौं
- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागीताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

जनहितमा जारी सन्देश
- गर्मीलगत्तै पानी पर्दा झाडा–पखालाको प्रकोप बढ्छ,
- प्रदूषित खाना र पानी, जङ्फूड, बासी, बजारको तेल हालेर पकाएको कुराबाट खाद्य प्रदूषण हुन सक्छ,
- उपचारभन्दा परहेज राम्रो, स्वास्थ्यप्रति सचेत बनौं।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ वैशाख २८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 10 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २४७

## पोखरियामा पहिलोपटक महायज्ञ हुँदै सातजना दलित वेदीपूजामा सहभागी

धर्मेन्द्र चौरसिया, पोखरिया, २७ वैशाख/

पोखरिया नगरपालिका–४ मा वैशाख २८ गते शुक्रवारदेखि हुने विष्णु महायज्ञको लागि बिहीवार कलशयात्रा निकालिएको छ। पोखरिया नपामा पहिलोपटक हुन लागेको विष्णु महायज्ञको कलशयात्रामा ठूलो सङ्ख्यामा मानिसहरूको सहभागिता थियो। करीब साढे तीन हजार महिला, युवतीहरू कलशयात्रामा सहभागी थिए भने सोही सङ्ख्यामा पुरुषहरूको पनि सहभागिता थियो। महायज्ञ स्थलबाट निकालिएको कलशयात्रा पोनपा–१० स्थित नदीबाट जल भरेर महायज्ञस्थलमा पुगेर समापन भएको थियो।

वडाध्यक्ष लक्ष्मण साह कानूको अध्यक्षतामा निकालिएको कलशयात्रामा नगरप्रमुख प्रद्युम्न चौहान, उपप्रमुख रुबी ठाकुर, पूर्व नगरप्रमुख दीपनारायण रौनियार, नेता निजामुद्दीन समानी, आशा चौहान, वडाध्यक्षहरू सोनालाल साह, महिन्द्र महतो चाइ, केदार महतोलगायतको सहभागिता थियो।

भोलिदेखि शुरू हुने महायज्ञमा २५ जना वेदी पूजामा बस्ने र त्यसमध्ये




सातजना दलित समुदायको सहभागिता महायज्ञ आयोजक समितिले जनाएको छ। नौ दिनसम्म सञ्चालन हुने महायज्ञको पूर्णाहुति जेठ ४ गते हुने र यो क्रममा महायज्ञमा करीब ४० लाख खर्च अनुमान गरिएको छ। अयोध्याका रामप्रकाश गर्ग महायज्ञको यज्ञ आचार्य छन् भने उनको नेतृत्वमा १४ जना ब्राह्मणहरूको टोली रहेको छ।

बिहान र साँझ पूजा गरिने र महायज्ञमा अयोध्याका विके बिहारीको नेतृत्वमा रामलीला, रासलीला गरिने आयोजक कमिटीले जनाएको छ। महायज्ञस्थलमा बालबालिकाहरूको मनोरञ्जनको लागि खेलतमाशाको पनि व्यवस्था गरिएको छ।

यसैबीच, महायज्ञस्थल वडा नं ४ मा आजदेखि माछामासुको बिक्री बन्द गरि एको छ। महायज्ञ अवधिभरि माछामासुको बिक्री बन्द गरिएको वडाध्यक्ष कानूले बताए।

उनले महायज्ञका लागि वैशाख ३ गते ध्वजारोहण गरिएपछि वडावासीलाई माछामासु नखान अनुरोध गरिएको र आजदेखि बिक्रीमा रोक लगाइएको बताए। यो अवधिमा महायज्ञस्थलमा मदिरा सेवन पनि प्रतिबन्ध गरिएको उनले बताए।

## आजिवन ठेला चलाउँदै आएका दसरथ गिरीले ८७ वर्षको उमेरमा नेपाली वंशज नागरिकता पाए

प्रस, वीरगंज, २७ वैशाख/

वीरगंज महानगरपालिका–१ छपकैया निवासी दशरथ गिरीले ८७ वर्षको उमेरमा बिहीवार बल्ल वंशजको नागरिकता पाएका छन्।

यो उमेरसम्म ठेला चलाएर आफ्नो जीविकोपार्जन गर्दै आएका दशरथका पाँचजना छोरा छन्। उनकी पत्नी र छोराहरूको नागरिकता बनिसकेको छ। शुरूमा नागरिकता नबनाएका दशरथले अहिले उमेर ढलका कारण ठेला चलाएर जीविकोपार्जन हुने अवस्था नदेखेपछि सरकारले दिने सामाजिक सुरक्षा भत्ताका लागि नेपाली नागरिकता बनाएका हुन्।

पत्नी, छोराहरूको नागरिकता बनाउने बखतमा उनी नागरिकता बनाउन इच्छुक थिएनन्। अहिले आफ्नै कमाइबाट गुजारा गर्नुपर्ने अवस्था आएपछि सामाजिक सुरक्षा भत्ताका लागि दशरथ नेपाली नागरिकता बनाउन इच्छुक देखिएका हुन्।

तर यसबीचमा उनलाई नेपाली




नागरिकता प्राप्त गर्न निकै सकस सहनुपर्‍यो। टोली आउँदा र त्यसपछिका समयमा नेपाली नागरिकता पाउन सहज हुँदा अनिच्छुक दशरथलाई पछिल्ला समयमा नेपाली नागरिकता त्यो पनि वंशज प्राप्त गर्न थुप्रै कानूनी बाधा, अड्चन सहनुपर्‍यो। बुबा र आमाको नाममा नागरिकता जारी नभएको, पत्नी र छोराहरूले भने नागरिकता पाएको अवस्थामा उनलाई नागरिकता आवश्यक भएको बखत कानूनी अड्चन सहनुपर्‍यो। लामो अन्तरालपछि नागरिकता पाउँदा दशरथ निकै खुशी देखिए।

स्थानीय कृष्ण पटेलले दशरथलाई नागरिकता दिलाउन भूमिका खेलेका थिए भने वडाध्यक्ष मनोज कुर्मीले पनि दशरथलाई नेपाली वंशज नागरिकताका लागि सक्दो कानूनी सहयोग गरे। बिहीवार ८७ वर्षीय दशरथ गिरीलाई नेपाली वंशजको नागरिकता जिल्ला प्रशासन कार्यालय, पर्साका प्रशासकीय अधिकृत कृष्णप्रसाद खतिवडाले प्रदान गरेका थिए।

नागरिकता प्राप्त गरेपछि खुशी हुँदै दशरथले भने– अब सरकारी सेवा र सुविधा पाउने भए। शारीरिक अवस्थाले अहिले ठेला चलाएर जीविकोपार्जन गर्न समस्या भएको र सरकारी सेवा, सुविधा पाएपछि केही राहत हुने उनले बताए।

## दल र ठेकेदारको धम्कीका कारण सिंचाई प्रमुख कर्ण फरार

प्रस, रौतहट, २७ वैशाख/

मध्यमाञ्चल सिंचाइ डिभिजन कार्यालय नं १ रौतहटका प्रमुख अरुणलाल कर्ण भूमिगत भएका छन्। राजनीतिक दल तथा ठेकेदारको धाकधम्की सहन गर्न नसकेर कार्यालय प्रमुख कर्ण भूमिगत भएको बुझिन आएको छ।

सङ्घ र प्रदेश सरकारबाट भएका योजना छनोटमा विभिन्न राजनीतिक दलले आफ्ले सो योजना ल्याएको र आफूले भनेको मानिस सम्मिलित उपभोक्ता समिति गठन गर्न दबाब दिने क्रम बढेपछि सो दबाब सहन गर्न नसकेका प्रमुख कर्ण भूमिगत भएका मध्यमाञ्चल सिंचाइ डिभिजन कार्यालय नं १ रौतहट स्रोतले जनाएको छ।

कार्यालय कक्षमा रहेका योजनाका पत्रहरू वैशाख २५ गते साँझ जसपाका नेता, कार्यकर्ताहरूले जोरजबरजस्ती खोसेर लगेका थिए। कार्यालय स्रोतका अनुसार दलका नेता, कार्यकर्ताहरूले आफ्नो मानिसको नाममा उपभोक्ता समिति गठन गर्न लगाउने र उपभोक्ता समितिले गर्ने काम ठेकेदारलाई कमिशन लिएर बिक्री गर्ने प्रवृत्ति पछिल्लो समयमा निकै बढेको छ।

स्रोतले नेता, कार्यकर्ताहरूले एउटा योजना बिक्री गरेर १० देखि २० प्रतिशतसम्म कमिशन लिने गरेका छन्। उपभोक्ता समिति सम्बन्धित वडाध्यक्षको रोहबरमा गठन गर्नुपर्ने प्रावधान छ र वडाध्यक्षहरूले पनि अहिले कमिशनबिना उपभोक्ता समिति गठन प्रक्रिया अगाडि नै नबढाउने गरेको बताइन्छ। कमिशन लिने र त्यसपछि योजना सम्पन्न गर्नेतर्फ ध्यान नै नदिने जस्ता कार्यले योजनाका कामहरूमा ढिलासुस्ती बढेको बताइन्छ।

अहिले सो कार्यालयमा योजनाको

(बाँकी पाँचौं पातामा)

## वीरगंजमा एनसेलको नयाँ सेन्टर सञ्चालन

प्रस, वीरगंज, २७ वैशाख/

वीरगंज महानगर–८ घण्टाघर बिहिवार एनसेल सेन्टरको उद्घाटन गरे। यसअघि यो सेन्टर महावीरस्थानमा थियो




लिङ्करोडमा एनसेलले नयाँ सेन्टर सञ्चालनमा ल्याएको छ। एनसेलका कर्मचारी प्रमुख स्टेफेन रोड्रिगेजले

र सोही सेन्टरलाई सुविधासम्पन्न भवनमा नयाँ सजावटका साथ सञ्चालनमा ल्याइएको हो।

नयाँ सञ्चालनमा आएको एनसेल सेन्टरमा पर्सा, बारा र रौतहटका लागि एनसेलको क्षेत्रीय कार्यालय पनि सञ्चालनमा ल्याइएको कस्टमर एक्सपेरियन्स मेनेजर ज्योति दाहालले बताइन्। उनले आजदेखि सञ्चालनमा आएको एनसेल सेन्टरबाट प्रिपेड बिल भुक्तानी, नयाँ र फोरजी सिम वितरणलगायतका सेवाहरू उपलब्ध गराइने बताइन्। एनसेल ग्राहकलाई प्रत्यक्षरूपमा सेवा दिनका लागि नयाँ सेटअपसहितको सेन्टर सञ्चालन गरिएको दाहालले बताइन्।

## स्व यादवको जन्मजयन्तीमा बालकलाई भोजन




प्रस, रौतहट, २७ वैशाख/

स्व रामादेवी यादवको ३३औं जन्मजयन्तीको अवसरमा बिहीवार ३० जना बालकलाई भोजन गराइएको छ।

रौतहटको गरुडामा अवस्थित बंशीराम अनाथालयमा आश्रित बालकहरूलाई भोजन गराइएको हो।

स्व यादवका पति जयप्रकाश यादवले पत्नीको जन्मजयन्तीमा बालकहरूलाई भोजन गराएका हुन्। २०७८ वैशाख २८ गते रामादेवीको कोरोनाबाट मृत्यु भएको थियो।

स्व यादव रौतहट जिल्लाको पहिलो टेलिभिजन रेड टेलिभिजनकी सञ्चालिका थिइन्। उनी र उनका पति दुवैजना सञ्चार क्षेत्रसँग आबद्ध थिए। पति जयप्रकाशले पत्नीको नाममा स्व रामा यादव पत्रकारिता पुरस्कार स्थापना गरेका छन्। प्रत्येक वर्ष स्वास्थ्य क्षेत्रमा कलम चलाउने एकजना महिला पत्रकारलाई पुरस्कार वितरण गरिँदै आइएको छ।

## डिजे प्रस्तोताको हत्याको प्रयास

प्रस, परवानीपुर, २७ वैशाख/

प्रसौनी गाउँपालिका–३ नौतनमा एकजना डिजे प्रस्तोताको हत्याको प्रयास भएको छ। २० वर्षीय सुकेश साह कानूको हत्या प्रयास भएको र सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, बाराको अगुवाइमा बिहीवार दुईजनालाई पक्राउ गरिएको छ।

वैशाख २४ गते राति १ बजे सुकेश साह कानूलाई स्थानीय राजकुमार साह तेली र निजका ज्वाइँ राजेश साह तेली तथा छोरा सुरेश साह तेलीले छतबाट खसाएका थिए। राजकुमारको घरमा सो दिन छठियारको कार्यक्रम चलिरहेको थियो र डिजे प्रस्तोता कानूलाई मदिरा सेवन गराएर मध्यरातसम्म डिजे बजाउन दबाव दिएका थियो। राति १ बजेपछि उनले डिजे बजाउन नमानेपछि उनलाई छतबाट धकेलेको प्रहरीले जनाएको छ।

घाइते सुकेशको अहिले वयोधा अस्पतालमा उपचार भइरहेको छ। घटनापछि इलाका प्रहरी कार्यालय, प्रसौनीले अभियुक्त तीनैजनालाई पक्राउ गरेको थियो तर हिजो बयानपछि हाजिरी जमानीमा छाडेको र आज बिहान सोविरुद्ध स्थानीयले इलाका प्रहरी कार्यालयमा प्रदर्शन गरेका थिए। घटनाबारे जिप्रका, बाराका प्रहरी उपरीक्षकले जानकारी लिएर अभियुक्त राजकुमार र निजका ज्वाइँ राजेशलाई पक्राउ गर्न निर्देशन दिएको र उनीहरू दुवै पक्राउ परे पनि छोरा सुरेश साह तेली भने फरार छन्।

घटनाबारेमा पीडितकी आमा उषा



कानूले इप्रकामा ठाडो उजुरी दिएकी थिइन् भने जिप्रकामा बिहीवार जाहेरी दिएको बताएको छ।

## पारिश्रमिक दिने बहानामा महिलामाथि बलात्कार

प्रस, परवानीपुर, २७ वैशाख/

बहुदरमाई नगरपालिका–४ डोकैला बहुअरीमा एकजना विवाहित महिला बलात्कारको शिकार भएकी छन्। स्थानीय एकजनाले उनलाई वैशाख १२ गते बलात्कार गरेको इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक मोहन विक्रम केसीले बताए।

उनले बलात्कारको शिकार भएकी महिलाको स्वास्थ्य परीक्षण गरिएको र अभियुक्तविरुद्ध पक्राउ पुर्जी जारी गरिएको बताएका छन्। दिउँसो खेतमा काम गरेकी महिलालाई पारिश्रमिक दिने बहानामा ती व्यक्ति निजको घरमा गएको र पति बाहिर गएको तथा दुईजना सन्तान घरमै रहेको अवस्थामा जबरजस्ती करणी गरेको महिलाले प्रहरीलाई बताएकी छन्। आरोपीविरुद्ध जबरजस्ती करणी मुद्दा दर्ता भएको र निजविरुद्ध पक्राउ पुर्जी जारी गरिएको प्रनि केसीले बताए।

आरोपी हाल फरार रहेको र निजको खोजी भइरहेको उनले जानकारी गराएका छन्।

## परवानीपुरका जनप्रतिनिधिहरू धार्मिकयात्रामा

प्रस, परवानीपुर, २७ वैशाख/

परवानीपुर गाउँपालिकाका जनप्रतिनिधिहरू प्रसिद्ध मुक्तिनाथ मन्दिर दर्शनयात्रामा गएका छन्। गापा अध्यक्ष रामक्षत्री कुर्मीको नेतृत्वमा वडाध्यक्षहरू चोकट महतो, नुरुल होदा अन्सारी, गम्भीर पटेल, रामेश्वर कलवार, वडा सदस्यहरू गरी २५ जनाको टोली धार्मिकयात्रामा मुक्तिनाथ गएको हो।

गापा अध्यक्ष कुर्मीले वार्षिक भ्रमण कार्यक्रम अन्तर्गत चार दिने धार्मिक भ्रमणमा जनप्रतिनिधिहरू मुक्तिनाथ गएको बताए। उनले गापाको काम प्रभावित नहुने गरी निमित्तको अभिभारा उपाध्यक्षलाई दिएको बताए। वडासदस्य रामबाबू चौहानले भने जनप्रतिनिधिहरू ठूलो सङ्ख्यामा एकसाथ धार्मिक यात्रामा जाँदा सेवाग्राहीले दुःख पाएको गुनासो गरेका छन्। धार्मिकयात्रामा गएको जनप्रतिनिधिहरूको टोली शुक्रवार अथवा शनिवार फर्कने कार्यक्रम छ।

## विचारसार र सूक्तिहरू

**सङ्गतका लागि स्वार्थ छाडिदेऊ, स्वार्थका लागि सङ्गत कहिले नछोड ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# श्रीसिया नदी र प्रदूषण

**बारा जिल्लाको जीतपुरसिमरास्थित रामवन मुहान रहेको श्रीसिया नदी वीरगंज महानगरपालिका–३२ परवानीपुरस्थित सिद्धि टेक्सटाइल्सदेखि प्रदूषित भएको पाइएको छ । त्यस अघिको श्रीसिया नदी अहिले पनि निश्चल, सफा बगिरहेको छ । सिद्धि टेक्सटाइल्सपछि अरनिका टेक्सटाइल्सको प्रदूषित पानीले श्रीसियालाई झनै प्रदूषित पारेको छ । एव प्रकारले जीतपुरसिमरा, परवानीपुर र वीरगंज महानगरपालिकामा खुलेका नदीसँग जोडिएका उद्योगहरूबाट श्रीसिया नदी प्रदूषित हुँदै आएको छ । तीनवटा पालिकामा रहेका ६३ वटा उद्योग श्रीसिया नदी प्रदूषित पार्ने कार्यमा संलग्न देखिएका छन् । यो तथ्याङ्क महानगरपालिकाको वातावरण महाशाखाले हालै तयार गरेको सर्भेमा देखिएको हो । श्रीसिया नदी कुनै बेला अर्थात् चार दशक अघिसम्म स्वच्छ थियो । यो खोलामा मानिसहरू लुगा धुने, भाडा माझ्ने, नुहाउने र केहीले पिउनेसम्मका कार्यमा खोलाको पानी प्रयोग गर्थे । वस्तुहरूको लागि पनि नुहाउने थलो थियो, श्रीसिया । जनै पूर्णिमामा पुरुषहरू र श्रीपञ्चमीलगायतका पर्वहरूमा महिलाहरू श्रीसिया नदीमा पूजापाठलगायतका कार्यहरू गर्दै आएका थिए । अहिले छठपूजा मात्र गरिन्छ । छठपूजा पनि पछिल्लो समय यो खोलामा गर्ने क्रम कम भएको छ । यसपटक चैती छठमा कतिपयले नदी किनारामा खाल्डो खनेर पानी जम्मा गरेर अर्घ्य दिए ।**

**श्रीसिया नदीको पानी प्रदूषित भएको चार दशक भयो र यो क्रममा यस नदीबाट सिंचाइका लागि पनि पानीको प्रयोग हुन छाडेको छ । अति दुर्गन्धित अवस्थामा श्रीसिया नदी पुगेपछि त्यसको प्रयोग आम मानिसहरूको दैनिकीबाट टाढिएर अहिले उद्योगहरूको रसायनयुक्त पानी विसर्जन गर्ने थलो मात्र भएको छ । श्रीसिया नदी बचाउ अभियान सञ्चालन भएको पनि लामै समय भयो । विभिन्न सङ्घसंस्थाहरूले श्रीसिया नदीको पानी सफा गर्न दबाबमूलक कामहरू पनि गर्दै आएका छन् । यसबारेमा अनुगमन, प्रतिवेदनहरू पनि नबनेका होइनन् तर कुनै पनि दबाब, अनुगमन र प्रतिवेदनबाट श्रीसिया पुरानो लयमा बग्ने वातावरण तयार हुन सकेन । वीरगंज महानगरको कुरा गर्दा उद्योगहरूका कारण प्रदूषित श्रीसिया नदीको किनारामा फोहर फाल्ने कार्य पनि भयो । डम्पिङ साइट निर्माणपूर्व महानगरका फोहरहरू श्रीसियाको किनारामा विसर्जन गरिन्थ्यो । डम्पिङ साइट बनेपछि मात्र नदी किनारामा फोहर विसर्जन कार्य रोकिएको हो । नदी किनारामा महानगरले फोहर विसर्जन गर्दा छिमेकी भारत रक्सौलका नागरिकहरूले सोको विरोध गरेका थिए । अन्तर्राष्ट्रिय नियमको बर्खिलाप सो काम भएकोले रक्सौलमा सरिसवा (श्रीसिया) नदी बचाउ आन्दोलन नै भयो र धर्ना, प्रदर्शन, ज्ञापन दिने जस्ता कार्यहरू भए । वीरगंजमा पनि श्रीसिया बचाउ आन्दोलनहरू भए । धर्ना, जुलुस, ज्ञापन दिने कार्यहरू अनगिनत भए ।**

**श्रीसिया नदी प्रदूषणमुक्त गर्नको लागि उद्योगीहरूले मात्र इमानदारी देखाउन जरुरी छ । सरकारले उद्योगीहरूलाई तह लगाउन नसकेको अवस्थामा श्रीसिया नदी प्रदूषणको नाममा मन्त्रालय र विभागलाई खाने भाँडो बनेको छ । उद्योग स्थापनाकै क्रममा पानी प्रशोधन केन्द्र जडान गर्नुपर्ने प्रावधान छ । रसायनयुक्त पानीको काम गर्ने उद्योगहरूले मात्र पानी प्रशोधन केन्द्र स्थापना गरेर श्रीसियामा विसर्जनको व्यवस्था गर्दा समस्याको समाधान हुन्छ । तर अनिवार्यरूपमा गरिनुपर्ने यो काम अहिलेसम्म नगरिंदा समस्या भएको हो ।**

# औद्योगिक पार्कको औचित्य के ?

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**बिआरआई परियोजनाको सूची र लगानी मोडालिटी प्रस्ट नहुँदै तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओलीको पालामा २०७६ असोज १७ का दिन झापाका हुने औद्योगिक पार्क निर्माण सम्झौता भएको थियो । हुनत यसलाई दक्षिण एशियाकै उत्कृष्ट पार्क हुने दाबी गरिन्छ तर वास्तविकता त पछि नै थाहा होला ।**

हालै सङ्घीय राजधानी काठमाडौंमा तेस्रो लगानी सम्मेलननको आयोजना गरियो । सम्मेलनमा सहभागी स्वदेशी एवं विदेशी लगानीकर्ताहरूले नेपालमा आफ्नो लगानी गर्ने विषयमा खासै ठोस प्रतिबद्धता व्यक्त गरेनन् तथापि एक महीनाभित्र यस्तो प्रतिबद्धता व्यक्त हुने अपेक्षा गरिएको छ । सर्वाधिक चर्चामा रहेको विषय भनेको झापाको दमकमा निर्माण भइरहेको नेपाल–चीन मैत्री औद्योगिक पार्क हो । औद्योगिक पार्कबाट नेपाललाई हुने लाभहानिको खासै समीक्षा भएको छैन । केवल राजनीतिक लाभको उद्देश्यले यसलाई चर्चामा ल्याइएको छ ।

२०७६ सालबाट नै यो औद्योगिक पार्क चर्चामा रहेको छ । नेकपा (एमाले)का अध्यक्ष तथा भूतपूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको निर्वाचन क्षेत्र झापा–५ मा यो पार्क बन्नेछ । झापाको दमक नगरपालिका गौरादह नगरपालिका तथा कमल गाउँपालिकाका एकीकृत जमीनमा बनाउन प्रस्ताव गरिएको 'चाइना–नेपाल फ्रेन्डशिप इन्डस्ट्रियल पार्क' निर्माणका लागि करीब ६४ अर्ब लगानी स्वीकृत भइसकेको छ । पार्क निर्माणका लागि आवश्यक जग्गा औद्योगिक क्षेत्र विकास लिमिटेडको रहेको छ । कुल ९०२.९२८ हेक्टर क्षेत्रफलमा यो पार्क फैलिनेछ । तत्काल यो करीब ४२५ हेक्टर क्षेत्रमा फैलिएको रहनेछ । सहायक कम्पनीले औद्योगिक क्षेत्र विकाससँग सम्झौता गरी जग्गा भाडामा लिने सम्झौता गर्छ भने बोर्डसँग आयोजना विकास सम्झौता गर्नेगरी वार्ता भइरहेको छ ।

दमक नगरपालिकाको वडा नं १०, छिमेकी कमल गाउँपालिका वडा नं ७ तथा गौरादह नगरपालिका वडा नं ५ का केही भागमा औद्योगिक पार्क बनाउनका लागि प्रस्ताव गरिएको छ । करीब ४९१ उद्योग रहनेगरी पार्कमा स्टलहरू निर्माण गरिनेछन् । उक्त औद्योगिक पार्कलाई चीनले महत्त्वाकाङ्क्षी योजनाको रूपमा अघि बढाएको छ । बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गत रहेर यस आयोजनालाई अघि बढाइएको छ तर यो अवधारणा कुन मोडेलमा अघि बढ्ने सम्बन्धमा प्रस्टता देखिंदैन । २०७४ सालको पुस महीनामा चिनियाँ उच्च अधिकारीहरूले यसको स्थलगत भ्रमण गरी फर्किएका थिए । भारत, बङ्गलादेश र भुटानको समेत सीमानजीक पर्ने क्षेत्रमा पार्कको निर्माण गर्नुको औचित्य देखिंदैन । मुस्ताङमा दक्षिणी छिमेकी भारतको आर्थिक अनुदानमा विकास निर्माणका कार्य हुँदा त्यसप्रति आपत्ति जनाउने नेकपा (एमाले) र त्यसका अध्यक्षले भारतको सीमानजीक उत्तरी चीनको ऋण लगानीमा भौतिक संरचनाको निर्माण गर्दा त्यसप्रति पनि आपत्ति जनाएका छन् ।

नेपाल र चीनको कूटनीतिक सम्बन्धको थालनी २०१२ सालमा भएपनि चीनले नेपालमा बहुआयामिक परियोजनाहरूको थालनी धेरैपछि मात्र गरेको देखिन्छ । सम्भवतः चीनले नेपालसित अपेक्षा गरे अनुसारको सीमा सन्धिहरू भएपछि मात्रै नेपालमा सहयोग गर्ने विषयमा उसले निर्णय लिएको हुन सक्छ ।

नेपालले चीनको बिआरआई अवधारणामा २०७४ सालमा हस्ताक्षर गरेबापतत चीनले नेपालमा अनेकौं आयोजनाहरू शुरू गरेको छ । कैयौं परियोजना निर्माणाधीन छन् । नेपाल–चीन औद्योगिक पार्क पनि यस्तै खाले परियोजनाहरूमध्येको एक हो । हेर्दा आकर्षक र ठूलो देखिए तापनि यो योजना निर्माण गर्दा हुने क्षति पनि त्यत्तिकै गम्भीर छ । यसको निर्माणले वनजङ्गल र पर्यावरणको विनाश त हुन्छ नै यस ठाउँमा धेरै वर्षदेखि बसोबास गर्दै आएका झन्डै १५ सय परिवारको उठीबास लाग्ने निश्चित छ । यसको विरोध गर्दै स्थानीय जनताले प्रदर्शन पनि गरेका थिए । दमक औद्योगिक पार्क सङ्घर्ष समिति र सङ्घीय लिम्बुवान मञ्चको नेतृत्वमा त्यहाँका स्थानीय बासिन्दा, दलित, जनजाति तथा अल्पसङ्ख्यक समुदायले यसको चर्को विरोध गरेका थिए । चन्द्रगढीमा केही वर्षअघि धर्ना पनि दिइएको थियो । त्यसभन्दा अघि करीब सात हजार स्थानीयले गौरादहमा प्रदर्शन पनि गरेका थिए । निर्माणाधीन पार्कमा परेको जग्गाको उचित मुआवजा नपाएकोमा स्थानीय जनता क्षुब्ध छन् ।

बिआरआई परियोजनाको सूची र लगानी मोडालिटी प्रस्ट नहुँदै तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओलीको पालामा २०७६ असोज १७ का दिन झापाका हुने औद्योगिक पार्क निर्माण सम्झौता भएको थियो । हुनत यसलाई दक्षिण एशियाकै उत्कृष्ट पार्क हुने दाबी गरिन्छ तर वास्तविकता त पछि नै थाहा होला । यसको पहिलो चरणमा नै तीन खर्ब ३३ अर्बभन्दा बढी लगानी हुने अनुमान छ । पछि यो बिआरआई अन्तर्गतको चिनियाँ ऋणमा रूपान्तरण हुन सक्छ । ठीक त्यसरी नै जसरी पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि चीनको एक्जिम बैंकले ऋण त दियो तर पछि त्यसलाई बिआरआई अन्तर्गतको ऋण भएको घोषणा गऱ्यो । हाम्रो असहमति र अस्वीकारोक्तिका बावजूद पनि चीनले भनिदिएपछि हाम्रो भनाइको मतलब हुँदैन ।

चीन–नेपाल मैत्री औद्योगिक पार्कको लगानी र ऋण–ब्याजबारे नेपाल सरकार केही बोलेको छैन र पार्कको भूस्वामित्व औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड मातहत ल्याएर सकिएको छ । विज्ञहरूका अनुसार साढे तीन खर्बभन्दा बढी लगानी हुने यो पार्कको व्यावसायिक तथा आर्थिक उपादेयताबारे छलफल नै नभएकोले यसले भविष्यमा मुलुकको अर्थतन्त्रमा ठूलो धक्का दिन सक्नेछ किनभने बिआरआईमार्फत गर्ने लगानीको मोडालिटी, ऋण तथा अनुदानका विषयमा चीनले सम्झौतामैं बाँधेको हुन्छ । नेपालले कुन मोडेलको लगानी खोजेको छ र कुन शर्तमा हस्तक्षर गरेको छ भन्ने प्रस्ट नहुँदा नेपालमा चीनले गरिरहेको लगानीको मोडेल नै प्रस्ट छैन । यति गम्भीर तथा आर्थिक एवं रणनीतिक सरोकारको मुद्दा आजसम्म संसदीय बहसको विषय बन्न सकेको छैन । देशमा लगानी भित्रिनु र परियोजनाहरू निर्माण हुनु नराम्रो होइन तर नेपालले लगानी भित्र्याउँदा त्यसको भूरणनीतिक महत्त्व, जनताको भावना, यसको आर्थिक–सामाजिक ऋणको उपयोग उचित ढङ्गले हुन सकेन, त्यसको प्रतिफल अपेक्षितरूपमा आएन भने देश ऋणको जालमा पर्ने निश्चित हुन्छ । श्रीलङ्काले ऋण तिर्न नसक्दा आफ्नो महत्त्वपूर्ण हम्बनटोटा बन्दरगाह चीनलाई सुम्पिनुपरेको छ ।

चिनियाँ निर्माण कम्पनीहरू आफ्नो परियोजना निर्माण गर्ने क्रममा स्थानीय बासिन्दाको भावनालाई ख्याल नगरी त्यहाँका प्राकृतिक स्रोत साधनहरू आफ्नै सुविधा अनुसार प्रयोग गर्ने गर्छन् । चिनियाँ निर्माण कम्पनीले सिराहाको कमलादेखि सप्तरीको कञ्चनपुरसम्म पूर्व–पश्चिम राजमार्ग अन्तर्गत पर्ने सडकखण्डको स्तरोन्नतिको टेन्डर हात पारेको छ । लहान नगरपालिकाको एउटा स्थानीय पहाड क्षेत्रबाट अवैधरूपमा बालुवा र गिट्टीको उत्खनन गर्न खोज्दा स्थानीय जनताले विरोध गरेका थिए । नेपाल सरकारद्वारा त्यहाँ कुनै पनि किसिमको उत्खननका लागि रोक लगाइएको छ । अरनिको राजमार्ग निर्माणको क्रममा चिनियाँ कम्पनीले त्यहाँका महत्त्वपूर्ण ढुङ्गा निकाल्न खोज्दा स्थानीय जनताले सोको विरोध गरेका थिए । झापा औद्योगिक पार्कको निर्माणबाट नेपाललाई के लाभ हुन सक्छ, त्यसको लेखाजोखा भएको छैन ।

# हाटबजारको खुला शौचले विद्यार्थीमा मनोवैज्ञानिक असर

वीरगंज (पर्सा), २७ वैशाख/रासस

वीरगंजको घण्टाघरसँगै रहेको खुल्ला हाटबजारमा आउने सर्वसाधारणले खुला शौच गर्ने बानीले रेलवे माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीमा मनोवैज्ञानिक असर पारेको छ । हाटबजार क्षेत्रमा आउने सर्वसाधारण, व्यापारी तथा सवारीचालक विशेषगरी पुरुषहरूले विद्यालयअगाडिको भागतर्फ फर्केर खुला शौच गर्दा विद्यालयमा अध्ययनरत छात्रछात्रा र शिक्षकशिक्षिकामा पनि नकारात्मक असर पार्दै आइरहेको छ । खुला हाटबजारबाट विद्यालय पश्चिम दिशामा अवस्थित छ ।

हाटबजारको एक मिनेटकै दूरीमा सार्वजनिक शौचालय नभएको पनि होइन । तर जनचेतनाको अभाव र मनलाग्दी ढङ्गले शौच गर्ने प्रवृत्तिकै कारण कलिला उमेरका बालबालिकामा मनोवैज्ञानिक असर पार्ने गरेको छ । रेलवे माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रभुप्रसाद रौनियारले हाटबजारमा आउने सर्वसाधारणले विद्यालयतर्फ फर्केर शौच गर्दा बालबालिकामा नराम्रो असर पारेको बताउँछन् । "हाटबजारमा आउनेहरूले विद्यालयतर्फ फर्केर शौच गरिरहेको दृश्य देख्दा लाजैमर्दो अवस्था हुने गर्छ," उनले भने, "विद्यालयको पर्खाल होचो भएकोले पनि शौच गरिरहेको दृश्य नचाहेर पनि हेर्नुपर्ने बाध्यता छ । यो समस्याको विषयमा सम्बन्धित निकायमा मौखिक जानकारी गराउँदै आइरहेको छु ।" विद्यालयमा साढे छ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।



तस्वीरः फाइल

प्रअ रौनियारले कलिला उमेरका बालबालिकालाई यस्ता खालका दृश्यले मनोवैज्ञानिक असर पार्न सक्ने बताउँछन् । यो विद्यालय वीरगंज महानगरपालिका वडा नं ९ मा पर्छ । वीरगंज महानगरपालिका वडा नं ९ का अध्यक्ष जवाहरप्रसाद गुप्ताले बजारमा आउनेले खुला शौच गर्दा विद्यालयमा अध्ययनरत विद्यार्थी र शिक्षकमा असर पार्दै आइरहेको बताए । "खुला तरकारी बजारमा आउनेले खुला शौच गर्ने विषयमा बारम्बार नगर कार्यपालिकाको बैठकमा आवाज उठाउँदै आइरहेको छु । यसलाई व्यवस्थित गर्न जरुरी भइसकेको छ," उनले भने, "सो समस्या समाधानको लागि विद्यालय प्राङ्गणलाई अग्लो पर्खालले घेराबार गर्नुपर्ने देखिन्छ । त्यसो गर्न नसकिने हो भने बजारमा खुला शौच गर्न रोक लगाउन जरुरी भइसकेको छ ।" वडाध्यक्ष गुप्ताले जभाभावी रूपमा विद्यालयतर्फ फर्किएर शौच गर्दा छात्रा र शिक्षिकालाई अझै धेरै अप्ठ्यारो पारिरहेको बताए । "वडासँग पर्याप्त बजेट नभएकोले पनि सो समस्या समाधान गर्न सकेका छैनौं," उनले भने, "अब यो समस्याको विषयमा गम्भीर भएर समाधान गर्नेतर्फ अग्रसर हुनेछौं ।"

वडाध्यक्ष गुप्ताले आफू जनप्रतिनिधि भएर आएसँगै प्रत्येक वर्ष विद्यालयको लागि बजेट विनियोजन गर्दै आइरहेको पनि दाबी गरे । "पहिलो वर्ष विद्यालयको छानो र सिंढी संरचना बनाउन तीन लाख बजेट उपलब्ध गराएका थियौं," उनले भने, "यो वर्ष पनि विद्यालय प्राङ्गणमा नाली निर्माण गर्न रु पाँच लाख बजेट विनियोजन भएको छ । सो बजेटले अहिले निर्माणसम्बन्धी काम हुँदैछ ।"

बजार क्षेत्रसँगै जोडिएर सार्वजनिक शौचालय पनि छ । सो सार्वजनिक शौचालयमा शौच गर्ने मूल्य धेरै भएको प्रयोगकर्ताको गुनासो छ । सो सार्वजनिक शौचालयमा पिसाब फेरेको रु १०, दिसा गरेको १५ र नुहाउनका लागि रु ४० तोकिएको छ ।

वडाध्यक्ष गुप्ताले सार्वजनिक शौचालयमा शौच गर्ने मूल्य बढी र सर्वसाधारणमा जनचेतनाको अभावकै कारणले खुला शौच बढ्दै गएको बताए । "हामीले खुला दिसामुक्त क्षेत्र भनेका छौं । तर जथाभावी दिसापिसाबले शहरलाई नै दुर्गन्धित बनाइरहेको छ," उनले भने ।

महानगरका सरसफाइ व्यवस्थापन शाखा प्रमुख सर्फुद्दीन मियाँले जथाभावीरूपमा शौच गर्नेलाई नियन्त्रण गर्न कर्मचारी खटाएर सुधार्न खोजिरहे पनि पूर्णरूपमा नियन्त्रण गर्न नसकिएको बताए । "हामीसँग कर्मचारी अभावको कारणले २४सैं घण्टा कर्मचारी खटाउन सक्ने अवस्थामा छैनौं । महानगरले बेलाबेलामा बजार व्यवस्थापन गर्ने टोलीसँग पनि खुला शौच नियन्त्रण गर्न निर्देशन दिंदै आइरहेको छ," शाखा प्रमुख मियाँले अव्यवस्थितरूपमा सञ्चालन हुँदै आएको हाटबजारलाई हटाएर पार्क बनाउने योजना रहेको पनि बताए । "अहिले अव्यवस्थितरूपमा लाग्ने गरेको हाटबजार हटाउने क्रममा छौं । एक महीनाभित्रै हटाउनेछौं," उनले भने, "यस अघि एकपटक मेयरसाबले पनि हटाउने पहल गर्नुभएको थियो । तर विभिन्न अवरोधले सो कार्य अघि बढ्न सकेन ।"

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

# निजी क्षेत्रको योगदानविना आर्थिक विकास सम्भव छैन

अर्थविशेष
विश्वराज अधिकारी
akoutilya@gmail.com

**हामी राष्ट्रिय एवं स्थानीय विकासको लागि सरकारलाई मात्र जिम्मेवार सम्झेर त्यस कार्यमा आफ्नो भूमिका शून्य देख्छौं । यस किसिमको मानसिकताले आर्थिक विकास सम्भव हुँदैन । आर्थिक विकासका लागि निजी क्षेत्र सक्रिय हुनैपर्छ, यसको विकल्प नै छैन ।**

नेपाल बाहिरी विश्वको लागि खुला भएको एक सय वर्ष पनि भएको छैन । एक सय वर्ष पहिले नेपाल एउटा अँध्यारो बन्द कोठामा बसेजस्तो थियो । २००७ सालसम्म नेपाल विश्वका विभिन्न राष्ट्रहरूसँग सम्पर्कविहीन भएर रह्यो । २००७ साल पहिले र त्यसपछिका शासकहरूले नेपाल खुला भएमा आफ्नो शक्ति क्षीण भएर सत्ता गुमाउनुपर्छ भन्ने भयले नेपालीहरूलाई बाहिरी दुनियासँग पटक्कै सम्पर्क गर्न दिएनन् ।

१०४ वर्ष (सन् १८४६ देखि १९५१) सम्म चलेको जहानियाँ राणाशासनले त नेपालीहरूलाई आँखीझ्यालबाट पनि बाहिरी दुनियाँ कस्तो हुन्छ भनेर च्याउन दिएनन् । नेपालका विभिन्न भागबाट काठमाडौं उपत्यकामा प्रवेश गर्न पनि राणाशासकहरूले अनुमति लिनुपर्ने नियम लादे । नेपालीहरूलाई जेलको बन्दीझैं राखे । शक्ति र सत्ताका लागि परस्पर केवल काटाकाट गरे तर जनतालाई आर्थिकरूपमा बिलियो बनाउने काम कहिले गरेनन् । नेपाली जनताको श्रमको शोषण गरेर अनेक किसिमका दरबार (सिंहदरबार, केशर भवन, हरिहर भवन, आदि आदि) एवं महलहरू निर्माण गरे । जनतालाई आर्थिकरूपमा सक्षम पार्नेबारे कहिले सोचेनन् ।

बाँकी संसारमा, अर्कोतिर, नेपालमा राणा शासनको स्थापना भएको समयमैं, युरोपमा आर्थिक विकासको लहर आइसकेको थियो । बेलायतमा औद्योगिक क्रान्तिको लहर चलिसकेको थियो । सन् १७६० देखि १८२० सम्म बेलायतमा चलेको आद्यौगिक क्रान्तिले कसरी धनी हुन सकिन्छ भनेर युरोपका राष्ट्रहरूलाई सिकाइरहेको थियो । ती क्षेत्रका जनतामा आर्थिक चेतना आइसकेको थियो । हुन पनि औद्योगिक क्रान्तिले उत्पादनमा मेशीनको प्रयोग गरेर व्यापारबाट राम्रो मुनाफा प्राप्त गर्न सकिन्छ भनेर युरोपियनहरूलाई ठूलो एवं अति महत्त्वपूर्ण ज्ञान वा आर्थिक मन्त्र दिएको थियो । यति मात्र होइन, औद्योगिक क्रान्तिले अर्थ व्यवस्थमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने सत्यलाई बलियोगरी स्थापित गरिदियो । साथै निजी क्षेत्रलाई धनी हुन पनि सिकायो । तर त्यही समयमा राष्ट्रिय उत्पादन व्यवस्थामा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने जानकारी नेपालीहरूलाई शून्य बराबर थियो । नेपालीहरू आर्थिक विकासका लागि सरकार मात्र जिम्मेवार छ भन्ने मान्ने गर्दथे । विकासका लगि केवल सरकारमा निर्भर हुन्थे ।

देश र जनताको आर्थिक विकासको जिम्मेवारी केवल सरकारको हो भन्ने त्यही पुरानो मानसिकता आम नेपालीमा अझै पनि बलियोगरी कायम छ । यो कारणले गर्दा हामी राष्ट्रिय एवं स्थानीय विकासको लागि सरकारलाई मात्र जिम्मेवार सम्झेर त्यस कार्यमा आफ्नो भूमिका शून्य देख्छौं । यस किसिमको मानसिकताले आर्थिक विकास सम्भव हुँदैन । आर्थिक विकासका लागि निजी क्षेत्र सक्रिय हुनैपर्छ, यसको विकल्प नै छैन ।

२००७ सालपछि भने नेपालले सीमित रूपमा बाहिरी दुनियासँग सम्पर्क कायम गर्न पायो । तर त्यस किसिमको सम्पर्क भने केवल धनी परिवारले मात्र गर्न पाए । गरीबहरू बाँकी विश्वसँग सम्पर्कविहीन भएर बसे । नेपालीहरूले अन्तर्राष्ट्रिय श्रम बजारको फाइदा रत्तिभर लिन पाएनन् । २०१७ साल (पञ्चायती व्यवस्था प्रारम्भ) देखि २०४६ साल (पञ्चायती व्यवस्था अन्त्य) सम्मको अवधि पनि नेपालीहरूको लागि उदार रहेन । यो अवधिमा पनि विभिन्न पञ्चायती सरकारहरूले नेपालीहरूको चेतनालाई एउटा घेराभित्र सीमित राखे, विस्तारित हुन दिएनन् । यो अवधिमा पनि नेपालीहरूले अन्तर्राष्ट्रिय श्रम बजारबाट फाइदा लिन सकेनन् । नेपालीहरूको ज्ञान र चेतनाको स्तर वृद्धि हुन पाएन । निजी क्षेत्रको भूमिका बुझ्न पाएनन् ।

नेपालीहरूको अन्तर्राष्ट्रिय श्रम बजारमा बलियो पकड भएको भनेको २०६३ साल पछि मात्र हो । २०६३ पछि अन्तर्राष्ट्रिय श्रम बजारमा नेपालीहरूको उपस्थिति बलियोगरी मात्र भएन, बहुसङ्ख्यक गरीब नेपालीहरूले पनि अन्तर्राष्ट्रिय श्रम बजारबाट राम्रो आमदानी प्राप्त गरे । अदक्ष र अर्ध दक्ष नेपाली श्रमिकहरूले खाडीका विभिन्न मुलुकहरूमा आफ्नो श्रम बिक्री गर्न पाए । राम्रो आम्दानी पनि हात पारे । दक्ष नेपाली कामदारहरूले भने अमेरिका र युरोपका श्रम बजारबाट राम्रो आम्दानी हात पारे । तर २०६३ सालपछि पनि मुलुकको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने यथार्थ आम नेपालीहरूमा बलियो किसिमले बोध हुन सकेन ।

आम नेपालीहरूमा राणाकालको 'हैंग ओभर' (देशको आर्थिक विकास गर्ने जिम्मेवारी सरकारको हो) अहिलेसम्म पनि गएको छैन । हरेक क्षेत्रको विकास केवल सरकारले मात्र गर्ने हो भनी जिम्मेवारी पन्छ्याउने चलन अहिले पनि हामीमाझ कायम छ । हामी आफ्नो घर भित्रको फोहर, घर अगाडिको सडकमा फाल्छौं अनि त्यो फोहर सरकारले उठाइदिएन भनेर सरकारलाई दोषी ठहर गर्दै अनेक गाली गर्छौं ।

तर यस किसिमको सोचले मुलुकको आर्थिक विकास सम्भव हुँदैन । आर्थिक विकासका पूर्वाधारहरू नीजी क्षेत्रले नै निर्माण गर्ने हो । सडक, खानेपानी, विद्युत्, भवन, यातायात व्यवस्था, बजार, गोदाम, सञ्चार, स्वास्थ्य संस्थाजस्ता सुविधाहरूको विस्तार निजी क्षेत्रले गर्ने हो वा यस किसिमका सेवाहरूको निर्माण एवं विस्तार जनताले दिएको करबाट निर्माण हुने हो । यस्ता सुविधाहरूको निर्माण सरकारले मात्र गर्ने हो भन्ने सोच पूर्णतया गलत हो । कुनै पनि देशमा सरकारले, स्वयंले आयआर्जन गर्दैन । कुनै पनि देशको सरकारले आम्दानी प्राप्त गर्ने भनेको नै जनताको करबाट प्राप्त रकम हो । त्यसकारण जनताले जति बढी कर दियो देशमा उत्तिकै मात्रामा बढी विकास हुने हो । देश जनताको करबाट चल्ने हो । सरकारको हातमा एक पैसा पनि हुँदैन । सरकारले सुशासनका लागि केवल नियम कानून मात्र निर्माण गर्ने हो । तर हाम्रो मुलुकमा प्रत्येक कार्यको लागि, प्रत्येक निर्माण (सडक, पुल, स्कूल, अस्पताल, खानीपानी, विद्युत्) का लागि सरकारलाई मात्र जिम्मेवार देख्ने चलन छ । यस्तो सोचाइले कहिले पनि देशको आर्थिक विकास हुन सक्तैन ।

अमेरिका, युरोपमा निजी क्षेत्र अत्यधिक बलियो छ । अमेरिकाको कुरा गर्ने हो भने लगानीको हिसाबले ठूलो रकम खर्च गर्नुपर्ने उद्योगहरू (जस्तै हवाइ जहाज, कार, पानी जहाज उत्पादन गर्ने कारखानाहरू) निजी क्षेत्रहरूद्वारा सञ्चालित छन् । संसारकै सर्वाधिक ठूलो हवाइजहाज उत्पादन गर्ने कम्पनी (बोइंग) जसले १५० मुलुकमा आफ्नो उत्पादन–विभिन्न किसिमका जहाजहरू बिक्री गर्छ, निजी क्षेत्रद्वारा सञ्चालित हो । यो उद्योगको स्थापना करोडौं रुपियाँको लगानीमा भएको हो । अमरिकी सरकारले यस्तो ठूलो उद्योगमा लगानी गरेको पाइँदैन ।

नेपालमा निजी क्षेत्र कमजोर मात्र होइन, राष्ट्रनिर्माणमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने बोध पनि आम नागरिकमा छैन । सबै कुराका लागि सरकारको मुख ताक्ने हाम्रो बानी नै भइसकेको छ । स्थानीय स्रोत एवं साधन प्रयोग गरेर आफ्नो ठाउँ सम्पन्न बनाउनुपर्छ भन्ने सोच हामीमा अझै पलाएको छैन । साधन र स्रोत भएर पनि तिनको उपयोग कसरी गर्ने भन्ने ढङ्ग नजानेर हामी गरीब भएका छौं ।

निजी क्षेत्रलाई प्रोत्साहित गर्न सामाजिक वातावरणले महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ । तर हाम्रो सामाजिक वातावरणले व्यापारमा सक्रिय र सफल हुन निजी क्षेत्रलाई प्रोत्साहित गर्दैन । व्यापारीहरूको सरोकारको विषय केवल मुनाफा मात्र हुन्छ । स्थानीय जनताको आय वृद्धिमा उनीहरूले कुनै पनि किसिमको भूमिका खेल्दैनन् । आम्दानी पाउन जस्तोसुकै गैरकानूनी कार्य पनि गर्न तत्पर रहन्छन् । व्यापारीहरूले अत्यधिक मुनाफा लिएर उपभोक्ताहरूको शोषण गर्छन् । व्यापारीहरूप्रतिको यस्तो धारणाहरूबाट हाम्रो समाज मुक्त हुन सकेको छैन ।

अहिलेको यो वैश्य युगमा रोजगारको ठूलो स्रोत सरकार होइन, निजी क्षेत्र हो । निजी क्षेत्र, अर्थात स्वदेशी व्यापारी एवं उद्योगपतिहरू आर्थिकरूपले जति बलियो हुन्छन् सोही अनुसार देशमा रोजगार क्षेत्र विकसित हुन्छ । अहिले नेपालबाट युवाहरू रोजगारका लागि ठूलो सङ्ख्यामा संसारका अनेक देश पुग्नुको मुख्य कारण राष्ट्रिय व्यापारी एवं उद्योगपतिहरू कमजोर हुनु हो । व्यापारी एवं उद्योगपति कमजोर भएका कारण उनीहरूले सफल हुने किसिमले व्यापार गर्न सकेका छैनन् । ठूलो सङ्ख्यामा रोजगार सृजना गर्न सकेका छैनन् ।

जनताको सुरक्षा व्यवस्थाका लागि आवश्यक सुविधा विस्तार गर्न, जनतालाई साधनसम्पन्न तुल्याउन, उनीहरूको जीवन सुखमय पार्न, स्थानीय जनता नै सक्रिय हुनुपर्छ । निजी क्षेत्र नै सक्रिय हुनुपर्छ । स्थानीय स्रोत र साधनको व्यवस्थापन गर्न पनि स्थानीयहरू नै जुट्नुपर्छ । निजी क्षेत्र नै जुट्नुपर्छ । हरेक कार्यको लागि केन्द्र सरकारको मुख्य ताक्ने काम अब हामीले परित्याग गर्नुपर्छ । देशको आर्धिक विकासमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने कुरा बुझ्नुपर्छ ।

# सरकार रूपान्तरणकारी बजेट ल्याउने तयारीमा छ -अर्थमन्त्री पुन

काठमाडौं, २७ वैशाख/रासस

अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको बजेटले कठोर नीति ल्याउनेभन्दा पनि सुधारात्मक र रूपान्तरणकारी योजना तथा कार्यक्रम ल्याउने बताएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले बिहीवार आयोजना गरेको पूर्वबजेट छलफलका क्रममा अर्थमन्त्री पुनले अर्थतन्त्रमा अहिले देखिएको शिथिलता हटाउन सरकारले निजी क्षेत्रको खस्केको मनोबल उकास्ने र केही क्षेत्रमा सुधारात्मक तथा रूपान्तरणकारी नीति अवलम्बन गर्ने बताए ।

"अर्थतन्त्र शिथिल छ, तर हामी सुधारोन्मुख छौं र सुधार हुनेमा आशावादी छौं । निजी क्षेत्रको मनोबल बढाउने कुरालाई प्राथमिकता दिन्छौं । निजी क्षेत्रको मनोबल उकास्न सरकारका तर्फबाट सहजीकरण हुन्छ," उनले भने, "सुधारका लागि केही कठोर भएर हस्तक्षेपकारी नीति अवलम्बन गरिनुपर्छ भनेर सुझाव आएका छन् । तर हामी अतिमा जाँदैनौं । केही क्षेत्रमा सुधार गरेर मात्र हुँदैन, रूपान्तरण नै गर्नुपर्ने हुन्छ ।"

सरकार निजी क्षेत्रको लगानी, व्यवसाय र सम्पत्तिको सुरक्षा गर्न प्रतिबद्ध रहेको उनको भनाइ थियो । सरकारका नीतिबीच एकरूपता र सामञ्जस्यता कायम गरिने दाबी पनि उनले गरे ।

"वित्त नीति र मौद्रिक नीतिबीच तादम्यता हुने कुरामा सरकार प्रतिबद्ध छ । नीति तथा कार्यक्रम एकातिर, बजेट अर्कैतिर र मौद्रिक नीति अर्कै ढङ्गले आउने भन्ने हुँदैन । बजेटबाटै मौद्रिक नीतिका व्यवस्था ल्याइएका उदाहरण पनि छन् । सरकारका निकायबीच फरकफरक सोच राखेर हुँदैन," अर्थमन्त्री पुनले भने ।

आगामी आर्थिक वर्षको बजेटमार्फत करको दर परिवर्तन गर्दा आवश्यकता र औचित्य पुष्टि हुनेगरी गरिने पनि अर्थमन्त्री पुनले बताए । "हामी कुनै प्रभावमा परेर करका दर हेरफेर गर्दैनौं । पुष्टचाइँ र कारणसहित तीन तहले बनाएर आर्थिक ऐन आउँछ । के कति कारणले राजस्वका दर हेरफेर भए भनेर खुलाउँछौं," उनले भने, "विकासका नीतिमा पनि हेरफेर गर्ने र खर्च गर्ने क्षमता बढाउने गरी अघि बढ्छौं । दोहोरो अङ्कको आर्थिक वृद्धि सम्भव नभए पनि साढे सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुनेमा हामी आशावादी छौं ।"

त्यस अवसरमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बजार माग र आपूर्ति दुवै घटेका कारण समग्र अर्थतन्त्र समस्यामा परेको बताए । सरकारले अध्यादेशमार्फत छोटो समयमा कानून परिवर्तन गरेर लगानी वातावरण बनेको सन्देश दिएको उनले दाबी गरे ।

आगामी आवको बजेटले निजी क्षेत्रका माग र सुझावलाई प्राथमिकतामा राख्नुपर्ने पनि उनले बताए । सरकारको बजेट र मौद्रिक नीतिबीच तालमेल र एकरूपता हुनुपर्ने सुझाव पनि उनले दिए । आगामी आर्थिक वर्षको बजेटबाट लगानी दशक घोषणा गरिनुपर्ने, ठूलो सङ्ख्यामा रोजगार सिर्जना गर्ने उद्योगलाई सहुलियत दिनुपर्ने उनको भनाइ थियो ।

बैंक तथा वित्तीय संस्थाको मर्जर र प्राप्तिमा लगाएको करले गलत सन्देश गएको पनि उनले बताए । त्यस्तै, निजी क्षेत्रलाई नियमन र निगरानी गर्ने संस्था धेरै हुँदा समस्या भएको ढकालको बुझाइ थियो ।

"नियामक र निगरानी गर्ने संस्था धेरै भए । यसले निजी क्षेत्रलाई समस्यामा पारेको छ । धेरैवटा निकायबाट नियमन अनुगमन हुँदा समस्या छ," उनले भने, "बैंक तथा वित्तीय संस्थाले धेरै पैसा कमाए भन्ने भाष्य बनेको छ । तर अहिले धेरै बैंक तथा वित्तीय संस्था समस्यामा छन् । उनीहरूका लागि केही विशेष व्यवस्था आवश्यक छ ।" सरकारको पूँजीगत खर्च कम भएको र खर्च भएको ठाउँमा पनि निर्माण व्यवसायीले भुक्तानी नपाउँदा समस्या रहेको उनले उल्लेख गरे ।

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले अहिले उत्पादन र निर्माण क्षेत्रमा नकारात्मक वृद्धिदर देखिएकामा राष्ट्रिय पूँजी निर्माणमा समस्या हुने बताए । बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकेर कालोसूचीमा पर्ने व्यवसायीको सङ्ख्या बढिरहेको उनको भनाइ छ । कोभिडपछि सरकारले लिएका सङ्कुचित वित्त र मौद्रिक नीतिका कारणले अर्थतन्त्रमा शिथिलता आएको पनि उनले बताए ।

चालू आर्थिक वर्षमा तीन दशमलव तीन प्रतिशतको आर्थिक वृद्धिदर प्रक्षेपण गरिएकामा आर्थिक शिथिलताको अन्त्य गर्न निजी क्षेत्रलाई नीतिगत संरक्षण गर्नुपर्ने उनको भनाइ छ । आर्थिक मन्दीका कारण निजी क्षेत्रको सम्पत्तिमा ५० प्रतिशतसम्म ह्रासकट्टी भएको उनले बताए ।

सरकारको राजस्व बढाउन निजी क्षेत्रलाई प्रताडित बनाइएको आरोप पनि उनले लगाए । "करका दर मात्र बढाएर राजस्व बढ्दैन । चोरी पैठारी रोकिनुपर्छ । सरकारको राजस्व बढाउन निजी क्षेत्रलाई प्रताडित नबनाइयोस्," उनले भने । उनले आयकर ऐन संशोधन गर्नुपर्ने आवश्यकता औंल्याए ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले अहिले समग्र मागमा सङ्कुचन आएका कारण निजी क्षेत्र लगानी बढाउनेभन्दा पनि भएको लगानी कसरी बचाउने भन्नेतर्फ केन्द्रित हुन थालेको बताए ।

नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनील केसीले अहिले बैंकिङ क्षेत्र ऐतिहासिकरूपमा अप्ठ्यारो अवस्थामा रहेको बताए । "बैंकिङ क्षेत्रसँग रु पाँच खर्ब लगानीयोग्य रकम थुप्रिएको छ । निजी क्षेत्रको मनोबल नबढेसम्म कर्जा लगानी पनि बढ्दैन । अब साना तथा मझौला उद्योगलाई सहुलियत दिनेभन्दा पनि वित्तीय पहुँच बढाइनुपर्छ," केसीले भने ।

बैंकको खराब कर्जा बढेको र लागतको प्रतिफल घटेको, सबैभन्दा बढी खराब कर्जा निर्माण क्षेत्रमा देखिएको, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाको आवश्यकता रहेको, बैंक तथा वित्तीय संस्थामा काउन्टर साइक्लिकल बफर केही समय लगाउन नहुने तथा वित्तीय संस्थामा विदेशी पूँजी भित्र्याउनुपर्ने, हेजिङसम्बन्धी व्यवस्था प्रभावकारी कार्यान्वयन गरिनुपर्ने, हरित वित्तलाई प्रवर्द्धन गर्नुपर्नेलगायत सुझाव उनले दिए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) अध्यक्ष गणेश कार्कीले जलविद्युत् क्षेत्रमा भ्याट फिर्ता दिने भनेर अघिल्ला आर्थिक वर्षका बजेटमा भ्याट छुट गर्ने भनेकामा त्यसलाई प्रभावकारी कार्यान्वयन गरिनुपर्ने बताए ।

"जलविद्युत् क्षेत्रमा रु ६१ खर्ब लगानी चाहिन्छ भन्ने अनुमान गरिएको छ । तर लगानी बढ्न सकेको छैन । जलविद्युत् क्षेत्रमा बीमाको ठूलो समस्या पर्दैछ ।

(बाँकी पाँचौं पातामा)

# एमसिए–नेपालद्वारा सबस्टेशन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर

काठमाडौं, २७ वैशाख/रासस

एमसिए–नेपालले लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट सुस्तापश्चिम) जिल्लामा चार सय केभी नयाँ बुटवल सबस्टेशन निर्माणसम्बन्धी ठेक्का लिंकसन इन्डिया प्रालिलाई प्रदान गर्दै उक्त कम्पनीसँग सोसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको छ । उक्त सबस्टेशनको निर्माण सम्झौता अवधि ३९ महीनाभित्र सम्पन्न गरिने जनाइएको छ ।

नवलपरासी (बर्दघाट सुस्तापश्चिम)मा बिहीवार आयोजित हस्ताक्षर समारोहमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, नेपालका लागि संयुक्त राज्य अमेरिकी राजदूत डिनआर थम्प्सन, स्थानीय अधिकारीहरू तथा निर्वाचित जनप्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै अमेरिकी राजदूत थम्प्सनले भने, "नेपालको ऊर्जासम्बन्धी आवश्यकता सम्बोधनका लागि कम्प्याक्ट उपयोगी रहेको सुनिश्चित गर्ने सन्दर्भमा अमेरिकी सरकार, नेपाल सरकारसँग सहकार्य गर्न प्रतिबद्ध छ । घरेलु उपभोग, विस्तारित व्यापारिक एवं औद्योगिक संस्थाहरू तथा सीमापार विद्युतीय व्यापारका लागि भरपर्दो एवं धान्न सकिने विद्युत् उपलब्ध गराइरहेको नेपालको विद्युत् प्रसारण क्षमतामा यस चार सय केभी नयाँ बुटवल सबस्टेशनले सुधार ल्याउनेछ ।"

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले भने, "यो चार सय केभी सबस्टेशन प्राधिकरणको प्राथमिकतामा रहेको संरचना हो र यसले यस क्षेत्रमा सीमापार ऊर्जा व्यापार उल्लेख्यरूपमा उकास्नका लागि विद्यमान २२० केभी सबस्टेशनलाई सघाउनेछ ।"




कार्यक्रममा एमसिए–नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयनका क्रममा भइरहेका समष्टिगत प्रगतिमाथि प्रकाश पारे । उनले भने, "एमसिए–

(बाँकी पाँचौं पातामा)

# समपूरक र विशेष अनुदानका लागि मधेस प्रदेशबाट प्रस्ताव परेन

हेमन्त जोशी
काठमाडौं, २७ वैशाख/रासस

आगामी आर्थिक वर्षका लागि समपूरक र विशेष अनुदानका लागि देशभरबाट तीन हजार छ सयभन्दा बढी प्रस्ताव राष्ट्रिय योजना आयोगलाई प्राप्त भए तापनि मधेस प्रदेशबाट एउटा पनि प्रस्ताव परेको छैन।

आयोगका अनुसार आगामी आवका लागि समपूरक र विशेष अनुदान लिन मधेस प्रदेशबाट कुनै पनि प्रस्ताव नपरेको हो। मधेस प्रदेशले बजेट नै माग नगरेपछि यसअघि शुरू भएका तर सम्पन्न नभएका क्रमागत आयोजनाले आगामी आवमा समपूरक र विशेष अनुदान शीर्षकबाट बजेट पाउनेछैनन्।

आयोगले गत मङ्सिर मसान्तमा सबै प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै माघ मसान्तभित्र समपूरक र विशेष अनुदानका आयोजना सिफारिश गरिसक्न भनेको थियो। सङ्घीय सरकारबाट प्रदान हुने अनुदान लिन अनलाइन प्रणालीबाट आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न आह्वान गरिएको थियो।

आयोगका कार्यक्रम निर्देशक शिवरञ्जन पौड्यालले भने, "मधेस प्रदेशका क्रमागत आयोजना पनि थिए। तर उहाँहरूले सिस्टम लगइन नै गर्नुभएन। नयाँ र क्रमागत दुवै खालका योजनाका लागि बजेट माग गरी प्रस्ताव आएनन्। अन्तिम दिनसम्म पनि योजना आयोगले प्रस्ताव हाल्न भनिरहेको थियो। तर मधेस प्रदेशले कुनै प्रस्ताव पठाएन। कार्यविधिले क्रमागत आयोजनाको हकका पनि प्रस्ताव माग्नैपर्ने भनेर तोकेको छ। त्यसको कुल लागत, ठेक्का अङ्क, प्रगति विवरणलगायतका विषय खुल्नुपर्छ।"

समपूरक अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ मा सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदानसम्बन्धी व्यवस्था गरिएको छ। सङ्घीय सरकारले हरेक वर्ष समपूरक र विशेष अनुदान शीर्षकमा प्रदेश र स्थानीय तहलाई बजेट छुट्याउँछ। कार्यविधिको व्यवस्था अनुसार प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा कार्यपालिका बैठकले सिफारिश गरेका आयोजनामा अनुदान मागसहित योजना आयोगमा प्रस्ताव हाल्नुपर्ने व्यवस्था छ।

मधेस प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरी सङ्घीय समपूरक र विशेष अनुदान लिनका लागि आयोजनाहरूको सूची प्राथमिकीकरण गरेर पठाएको भएपनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यसको प्रक्रिया अगाडि नबढाएको बताउँछन्। "प्रदेश योजना आयोगले आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण पठाइसकेको थियो। ती योजना/कार्यक्रम स्वीकृत गरेर अनुदान मागसहितको प्रस्ताव पठाउने काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हो," उनले भने।

योजना आयोगका अनुसार मधेस प्रदेशका समपूरकतर्फ छवटा र विशेष अनुदानतर्फ चारवटा गरी कुल १० वटा क्रमागत आयोजना छन्। ती आयोजना तथा कार्यक्रमको बजेट व्यवस्थापन कसरी हुन्छ भन्ने अन्योल छ। सङ्घीय समपूरक र विशेष अनुदान लिन तोकिएको समय तथा प्रक्रिया गुजारेपछि अहिले मधेस प्रदेश सरकारले वैकल्पिक तरीका खोजिरहेको छ।




अनलाइन प्रणालीबाट मात्रै योजना तथा कार्यक्रम प्रविष्टी गर्नुपर्ने कार्यविधिको बाध्यकारी व्यवस्था भएपनि मधेस प्रदेश सरकारले त्यस्तो अनुदान मागका लागि भौतिकरूपमा कागजपत्र बुझाउने तयारी गरिरहेको छ। मधेस प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कायममुकायम प्रमुख सचिव लोकनाथ पौड्यालका अनुसार यो विषय सम्बोधन हुनेबारे त्यहाँको सरकारले केन्द्र सरकारबाट आश्वासनसमेत पाएको छ। "मैले यही वैशाखदेखि मात्रै मुख्यमन्त्री कार्यालयमा जिम्मेवारी सम्हालेको हुँ। पुरानो विषय मलाई सबै जानकारी छैन। तर मुख्यमन्त्रीले प्रधानमन्त्रीबाट आश्वासन पाएको छु, बजेट व्यवस्थापन हुन्छ भन्नुहुन्थ्यो," पौड्यालले भने।

प्रस्ताव माग नै गरेका क्रमागत आयोजनाले बजेट पाउने वा नपाउने विषयको निर्णय गर्ने अधिकार समपूरक अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ ले व्यवस्था गरेको आयोजना/कार्यक्रम छनोट समितिमा रहने राष्ट्रिय योजना आयोगका प्रवक्ता यमलाल भुसाल बताउँछन्। "क्रमागत भनिएका आयोजना/कार्यक्रमको काम सम्पन्न भएको हो कि ? अथवा त्यसमा बजेट आवश्यकता हो कि होइन भनेर आयोगलाई आफैं थाहा हुने कुरा भएन। प्रस्ताव नै नआएको हकमा अब के हुन्छ यसै भन्न सकिंदैन। यो विषयलाई आयोजना/कार्यक्रम छनोट समितिले बुझेर केही निर्णय गर्न सक्छ," उनले भने, "समपूरक र विशेष अनुदान पाउने समग्र मधेस प्रदेशमा योजना तथा कार्यक्रमको सङ्ख्यामा मर्का नपर्नेगरी केही निर्णय समितिले गर्न सक्छ।" कार्यविधि अनुसार योजना आयोगका सदस्यको संयोजकत्वमा आयोजना/कार्यक्रम छनोट समिति रहने व्यवस्था छ।

योजना आयोगले दिएको जानकारी अनुसार सङ्घीयता लागू भएयता सङ्घीय सरकारबाट काठमाडौं महानगरपालिकाले हालसम्म पनि यी दुवै शीर्षकको अनुदान लिएको छैन। हालसम्म पनि सङ्घीय समपूरक र विशेष अनुदान नलिने काठमाडौं महानगरपालिका एकमात्र स्थानीय तह हो।

**देशभरबाट साढे चार हजारभन्दा बढी प्रस्ताव**

राष्ट्रिय योजना आयोगका अनुसार सङ्घीय समपूरक र विशेष अनुदान लिनका लागि तीन हजार ६३७ वटा नयाँ र ९७७ वटा क्रमागत आयोजना/कार्यक्रमको प्रस्ताव परेका छन्। प्रदेशतर्फ ६६ र स्थानीय तहबाट तीन हजार ५७१ नयाँ आयोजना प्रस्ताव गरिएका छन्।

समपूरक अनुदानतर्फ प्रदेशबाट ४३ वटा र स्थानीय तहबाट एक हजार ७६९ वटा प्रस्ताव परेका छन् भने विशेष अनुदानतर्फ प्रदेशतर्फ २३ र स्थानीय तहतर्फ एक हजार ८०२ वटा प्रस्ताव परेका छन्।

त्यसैगरी, क्रमागत आयोजना तथा कार्यक्रमतर्फ ९७७ वटा प्रस्ताव माग भई आएकामा विशेष अनुदानतर्फ ४५२ र समपूरक अनुदानतर्फ ५२५ वटा आयोजनाका लागि बजेट माग गरिएको छ। क्रमागत आयोजना प्रदेशतर्फ ७६ र स्थानीय तहतर्फ ९०१ छन्।

**उच्च माग, न्यून बजेट**

सङ्घीय समपूरक र विशेष अनुदान लिनका लागि प्रदेश र स्थानीय तहबाट प्रस्ताव भएका योजना तथा कार्यक्रमको लागत अनुमान खर्बभन्दा माथि छ। तर राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आवका लागि यी दुई अनुदान शीर्षकमा रु २६ अर्ब १० करोड बराबरको मात्रै सिलिङ तोकेको छ। जसमध्ये समपूरक अनुदानतर्फ प्रदेशका लागि रु छ अर्ब २० करोड र स्थानीय तहका लागि रु सात अर्ब गरी कुल रु १३ अर्ब २० करोड बराबरको सिलिङ निर्धारण भएको छ।

त्यसैगरी, विशेष अनुदानतर्फ प्रदेशका लागि रु चार अर्ब ४० करोड र स्थानीय तहका लागि रु आठ अर्ब ५० करोड गरी कुल रु १२ अर्ब ९० करोडको सिलिङ तय भएको छ। सङ्घीय अनुदान लिनका लागि माग भइआएका साढे चार हजार हाराहारी आयोजनामा खर्बौं रकम आवश्यक पर्ने भएपनि स्रोत चापका कारण सङ्घीय सरकारले भने न्यून बजेट मात्रै उपलब्ध गराउन सक्ने अवस्था छ। तोकिएको बजेट सिलिङभित्र रहेर बजेट विनियोजन गर्दा क्रमागत आयोजनालाई नै स्रोत अपुग देखिन्छ।

**योजना छनोटका कडा मापदण्ड**

सङ्घीय सरकारले योजना आयोगको सिफारिशमा हरेक वर्ष समपूरक र विशेष अनुदान शीर्षकमा प्रदेश र स्थानीय तहलाई बजेट छुट्याउँछ। प्रदेश र स्थानीय तहको मागका आधारमा वित्तीय हस्तान्तरणको उपकरणका रूपमा यी अनुदान उपलब्ध गराइन्छ। आवश्यक प्रक्रिया र मापदण्ड पूरा गरेका योजना तथा कार्यक्रम मात्र यस्तो अनुदान पाउनका लागि योग्य हुन्छन्। सङ्घीय समपूरक र विशेष अनुदान पाउनका लागि प्रस्ताव पेश गर्दा प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट पेश गर्नुपर्ने प्रावधान रहेको छ। त्यस्तै, विद्युतीय प्रणाली (अनलाइन)बाट आएका प्रस्तावलाई मात्रै आयोगले स्वीकार गर्ने गरेको छ।

अनुदानका लागि प्रस्ताव गरिएका योजना तथा कार्यक्रमले निश्चित प्रक्रिया पूरा गर्नुपर्छ। आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए), लागत अनुमान, आयोजना सम्पन्न हुने अवधिलगायतका विवरण अनिवार्यरूपमा प्रस्तावसँगै पेश गर्नुपर्ने पनि आयोगले जनाएको छ। सम्बन्धित पालिकाको कार्यपालिकाबाट स्वीकृत गराएर मात्रै त्यस्ता योजना तथा कार्यक्रमका लागि बजेट माग गर्नुपर्ने व्यवस्था पनि कार्यविधिमा रहेको छ।

समपूरक अनुदान पाउने योजना तथा कार्यक्रमका लागि कुल लागतको ५० प्रतिशत सम्बन्धित स्थानीय तह वा प्रदेशले बेहोर्छ भने ५० प्रतिशत रकम सङ्घीय सरकारले उपलब्ध गराउँछ। यस्तो अनुदानबाट खर्च बेहोर्ने योजना तथा कार्यक्रम तीन वर्षभित्र सम्पन्न गरिसक्नुपर्छ। तीन वर्षभन्दा बढी समय लाग्ने बहुवर्षे आयोजनाहरूका लागि यो शीर्षक अन्तर्गत बजेट जाँदैन।

प्रदेश सरकार र स्थानीय तहले यी शीर्षकमा अनुदान पाउने र खर्च गर्न पाउने रकमको सीमा पनि तोकिएको छ। समपूरक अनुदान दिनका लागि गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान न्यूनतम रु एक करोडदेखि अधिकतम रु १० करोडसम्म रहेको छ। त्यस्तै, उपमहानगर र महानगरपालिकाबाट कार्यान्वयन गरिने समपूरक अनुदानका कार्यक्रमले लागत न्यूनतम रु पाँच करोडदेखि अधिकतम रु २५ करोडसम्म रहेको छ। प्रदेश सरकारबाट कार्यान्वयन हुने समपूरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमका लागि कुल लागत अनुमान रु २० करोडदेखि रु एक अर्बसम्म हुनुपर्छ।

विशेष अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमका लागि भने प्रदेशको हकमा कम्तीमा रु १० करोड र स्थानीय तहको हकमा कम्तीमा रु ५० लाखदेखि बढीमा १० करोडसम्मको सीमा तोकिएको छ। क्षेत्रगतरूपमा पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाका लागि समपूरक अनुदान दिने गरिन्छ। विशेष अनुदानका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण तथा मूल प्रवाहीकरण, तहगत सन्तुलन, खाद्य सुरक्षा तथा पोषण, फोहरमैला व्यवस्थापनजस्ता क्षेत्रसँग सम्बन्धित आयोजनाहरू पर्छन्।



**कुखुरा बेच्दै महिला व्यापारी:** भक्तपुर जिल्ला बालकोट क्षेत्रमा गाडामा राखेर कुखुरा बेच्न तयारी गर्दै महिला व्यापारी। एउटा कुखुरा रु ४०० सम्ममा बिक्री हुने गर्छ। तस्बिर: रत्न श्रेष्ठ/रासस



**कम्पोस्ट मल बनाउन सिक्दै विद्यार्थी:** पर्वतको महाशिला गाउँपालिका–१ होश्राङ्दीस्थित गोल्र्याङधाम आधारभूत विद्यालयका विद्यार्थीहरूलाई कम्पोस्ट मल बनाउन सिकाउँदै प्रशिक्षक। विद्यार्थीलाई व्यावहारिक ज्ञान अन्तर्गत कम्पोस्ट मल बनाउने शिक्षा दिन थालिएको विद्यालयले जनाएको छ। तस्बिर: लक्ष्मीप्रसाद सापकोटा/रासस

# किसानले पाए उखुको भुक्तानी

महोत्तरी, २७ वैशाख/रासस

महोत्तरीका उखु किसानले चिनी उद्योगबाट आफ्नो उत्पादनको सम्पूर्ण भुक्तानी पाएका छन्। जिल्लाको गौशाला–१ स्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजले उखुको भुक्तानी दिएको हो।

उखुको मूल्य भने समुचित निर्धारण नभएको भन्दै किसानले गुनासो गरेका छन्। "यसपालि उखु मिलबाट सबै रकम पाइयो," भङ्गाहा–४ रामनगरका किसान अरुण गिरी भन्छन्, "तर उखुको मूल्य निर्धारणमा भने हामी ठगिएका छौं।" आफ्नो उत्पादनले कति मूल्य पाउने निधोविना नै उखु तौलाएर उद्योगलाई बुझाउनुपरेको गिरीसहितका किसानको गुनासो छ।

उखु किसानको प्रतिनिधि संस्था उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहा भन्छन्, "यो अवैज्ञानिक छ।" बर्सेनि चिनीको मूल्य अनुपात र खेती लागतको मूल्याङ्कनलाई मूल्य निर्धारणको आधार बनाइनुपर्ने उनी बताउँछन्।

अध्यक्ष कुशवाहाका अनुसार किसानले चिनीको बिक्री मूल्य र खेतीको लागत मूल्याङ्कनका आधारमा कमसेकम रु सात सय प्रतिक्विन्टल पाउनुपर्ने माग गरेका थिए तर सरकार र उद्योगबीचको सहमतिपछि रु ५१० कायम भएको हो। रु ५४० उखुको मूल्यबापत उद्योगले दिने र रु ७० सरकारले अनुदानबापत दिने गरेको छ। किसानले उद्योगबाट पाउनुपर्ने सबै भुक्तानी पाए पनि अनुदानबापतको रकम पाउन बाँकी छ।

उखुको भुक्तानी सहज भएपछि पछिल्ला दुई वर्षयता जिल्लामा खेती बढ्दै गएको छ। एक दशकअघि १८ हजार बिघामा उखुखेती हुने गरेको थियो। उत्पादनको भुक्तानी सहजै प्राप्त हुन थालेपछि क्रमशः खेती बढ्दै गएर यसपालि १० हजार बिघा नाघेको अध्यक्ष कुशवाहाले बताए।

एभरेस्ट चिनी उद्योगका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरले यसपालि १२ हजार पाँच बिघामा गरिएको उखु उद्योगले खरीद गरेको जानकारी दिए। उद्योगले महोत्तरीका अतिरिक्त सर्लाही, धनुषा र रौतहटबाट पनि उखु खरीद गर्दै आएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
| --- | --- | --- |
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# फ्रान्सभरि ओलम्पिक ज्वालाको यात्रा शुरू

मार्सेली (फ्रान्स), २७ वैशाख/एएफपी

स्वागत समारोहका लागि भव्य श्री-मास्ट जहाजमा आइपुगेको एक दिनपछि मसालवाहकहरूले फ्रान्सको दक्षिणी बन्दरगाह शहर मार्सेलीका सडकमा ओलम्पिक ज्वाला बोक्नेछन्।

पेरिसमा जुलाई २६ मा ओलम्पिक खेलकूदको उद्घाटन समारोहसम्ममा ४५० भन्दा बढी शहर हुँदै करीब १० हजार मसालवाहकले मुलुकभर ११ साताको यात्रा शुरू गर्नेछन्।

सन् १९९० को दशकमा मार्सेली टीमबाट खेल्ने पूर्वफुटबल खेलाडी बेसिल बोलीले बिहीवारको पहिलो रिले नोट्रे डेम डे ला गार्डे बेसिलिकाबाट सुरुआत गर्नेछन्।

बास्केटबल खेलाडी टोनी पार्करले बिहीवारपछि रिलेमा आफ्नो पालो लिनेछन्। मसाल बोक्नका लागि एक तरवारबाज च्याम्पियन, एक स्केटबोर्डर, एक मिसेलिन-ताराङ्कित सेफ र एक हास्य अभिनेतालाई पनि छनोट गरिएको छ।

मार्सेलीका उत्साही फुटबल प्रशंसकहरूको घर प्रसिद्ध स्टेड वेलोड्रोमको छतमा मसाल लैजानका लागि सहभागीहरूले शहरको सबैभन्दा प्रतीकात्मक स्थानहरूमार्फत दिनभरि दौडने तालिका छ।



मार्सेलीका सडकमा ओलम्पिक ज्वाला प्रदर्शन गरिँदै। तस्वीरः एपी

शहरले बुधवार ओलम्पिक ज्वालाको आगमनको खुशियाली धूमधामसँग मनायो। मार्सेलीका मेयर बेनोइट पायनले ओल्ड पोर्टमा दुई लाख ३० हजारभन्दा बढी मानिस समारोहमा सहभागी भएको बताए।

"यो अविश्वसनीय र जादुमय छ, हामीलाई यसको आवश्यकता थियो, हामीसँग मार्सेलीमा यस्तो प्रकारको घटना वा सुन्दर चीजहरू कहिल्यै हुँदैनन्," मार्सेलीका बासिन्दा अमेल सेकोले भने।

"यो यस्तो चीज हो, जुन तपाईले आफ्नो जीवनमा कम्तीमा एकपटक अनुभव गर्नुपर्छ... हामीसँग सूर्य र ओलम्पिक ज्वाला छ," मार्सेलीका अर्का बासिन्दा मौना बौल्हासले भने।

खेलहरूको समयमा मार्सेलीमा नौकायान प्रतियोगिता र केही फुटबल खेल आयोजना हुनेछन्। रासस

# दक्षिणी युक्रेनमा रूसी गोलाबारी, दुई युक्रेनी नागरिकको मृत्यु

किभ, २७ वैशाख/एएफपी

युक्रेनले बिहीवार दक्षिणी शहर निकोपोलमा रूसी गोलाबारीमा दुईजनाको मृत्यु भएको जनाएको छ तर बिहीवार राति रूसले प्रहार गरेका २० वटा ड्रोनमध्ये अधिकांश नष्ट गरेको बताएको छ।

सन् २०२२ को अन्त्यदेखि फ्रन्टलाइनमा परिणत भएको डेनिप्रो नदी पार गरेर तैनाथ रूसी सेनाबाट निकोपोल नियमितरूपमा आक्रमणको शिकार भएको थियो।

रूसले प्रहार गरेको क्षेप्यास्त्रबाट ६२ वर्षीय पुरुष र ६५ वर्षीया महिलाको ज्यान गएको क्षेत्रीय गभर्नर सेर्गी लिसाकले बताए।

उनले आगो लागेको घर र धेरै क्षतिग्रस्त भवनको तस्वीर प्रकाशित गरेका छन्।

बिहीवार राति नै रूसले प्रहार गरेका २० वटा ड्रोनमध्ये युक्रेनको वायु रक्षा बलले दक्षिणी ओडेसा क्षेत्रमा १७ वटा नष्ट गरेको थियो।

एउटा ड्रोनले दक्षिणी माइकोलाइभ क्षेत्रको दुई तले भवनलाई क्षतिग्रस्त बनाएको आपत्कालीन सेवाले टेलिग्राममा लेखेको छ, तर त्यहाँ कुनै हताहत भएको रेकर्ड गरिएको छैन। रासस

# माल्दिभ्सका विदेशमन्त्री मूसा जमीर भारत भ्रमणमा

नयाँ दिल्ली, २७ वैशाख/एएनआई

कूटनीतिक गतिरोधको बीचमा माल्दिभ्सका विदेशमन्त्री मूसा जमीर दुई देशबीचको द्विपक्षीय सम्बन्धबारे छलफल गर्न भारतको औपचारिक भ्रमणमा नयाँ दिल्ली आइपुगेका छन्।

स्रोतका अनुसार भ्रमणको क्रममा दुई पक्षले द्विपक्षीय र क्षेत्रीय मुद्दाहरूमा छलफल गरी बहुआयामिक सम्बन्धलाई गति दिनेछन्।

भारतीय विदेश मन्त्रालयले पनि एक्समा उनको आगमनको विवरण सार्वजनिक गरेको छ। "माल्दिभ्सका विदेशमन्त्री मूसा जमीरलाई भारतको औपचारिक भ्रमणमा हार्दिक स्वागत छ।"

स्रोतका अनुसार माल्दिभ्सका विदेशमन्त्रीले भारतका परराष्ट्रमन्त्री एस जयशङ्करसँग भेट गरी आपसी हितका द्विपक्षीय र क्षेत्रीय मुद्दाहरूमा छलफल गरेका छन्। नयाँ दिल्ली भ्रमणको क्रममा विदेशमन्त्री जमीरले भारतीय विदेशमन्त्री जयशङ्करलाई भेटवार्ता गर्नेछन्। "माल्दिभ्स हिन्द महासागर क्षेत्रमा भारतको प्रमुख समुद्री छिमेकी हो र विदेशमन्त्री जमीरको भ्रमणले दुई देशबीचको द्विपक्षीय सहयोगलाई थप गति दिने अपेक्षा गरिएको छ," भारतीय विदेश मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ।

भारतले मे १० अघि नै माल्दिभ्सबाट आफ्ना सैन्य कर्मचारीहरू फिर्ता गर्ने बताएको छ। गत मे ३ मा भारत र माल्दिभ्सबीच सम्पन्न द्विपक्षीय उच्चस्तरीय संयन्त्रको चौथो बैठकले मे १० सम्ममा माल्दिभ्सबाट भारतीय सैन्य कर्मचारी हटाउने सहमति गरेको थियो।

यस अघि राष्ट्रपति मोहम्मद मुइज्जुको नेतृत्वमा रहेको माल्दिभ्स सरकारले औपचारिकरूपमा भारतलाई मालेबाट आफ्नो सेना फिर्ता लिन अनुरोध गरेको थियो।

माल्दिभ्सको विदेश मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा दुवै पक्षले विद्यमान द्विपक्षीय सहयोगको समीक्षा गरेको उल्लेख छ। जसमा विकास र रक्षा सहयोगलगायत आपसी हितका विभिन्न मुद्दाहरूमा छलफल भएको थियो।

उच्चस्तरीय समूहको पाँचौं बैठक आपसी सहमति अनुसार आगामी जून/जुलाई महिनामा मालेमा आयोजना गर्ने सहमति भएको छ।

माल्दिभ्सबाट भारतीय सेनालाई हटाउनु मुइज्जुको पार्टीको मुख्य चुनावी अभियान थियो। हाल माल्दिभ्समा डोर्नियर-२२८ समुद्री गस्ती विमान र दुई एचएएल ध्रुव हेलिकप्टरसहित करीब ७० जना भारतीय सैनिक तैनाथ छन्। रासस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | धनलाभ | वृष | सुयश |
| मिथुन | अलमल | कर्कट | धनलाभ |
| सिंह | कर्मप्राप्ति | कन्या | प्रगति |
| तुला | रोगभय | वृश्चिक | व्यापारवृद्धि |
| धनु | कष्टश्रम | मकर | चोरभय |
| कुम्भ | भयचिन्ता | मीन | मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो ३:४० बजे



**मादल बजाउने तालीममा सहभागीः** तनहुँको व्यास नगरपालिका-४ मा सञ्चालित मादल बजाउने तालीममा सहभागीहरू। सो वडा कार्यालयले सीप सिकाउन विभिन्न टोलमा सहभागीहरू छनोट गरी मादल बजाउने तालीम दिएको हो। तस्विरः कृष्ण न्यौपाने/रासस

**सरकार ...**

आयोजनाले बीमा नवीकरण गर्न छोडे," उनले भने। विद्युत् प्रसारण लाइन र विद्युत् व्यापारमा निजी क्षेत्रलाई प्रवेश दिइनुपर्ने सुझाव उनले दिए।

काठमाडौं विश्वविद्यालयका रजिस्टार एवं अर्थविद् अच्युत वाग्लेले अर्थतन्त्रको समस्याबारे सबैलाई थाहा भएपनि त्यसको समाधान कसरी गर्ने भनेर काम गर्न नसकेको बताए। सरकारले कठोर भएर एकपटक हिम्मतका साथ रूपान्तरणकारी बजेट ल्याउन सक्नुपर्ने उनको भनाइ छ। उत्पादकत्व र रोजगार बढाउनका लागि क्षेत्र पहिचान हुन नसकेको उनले बताए।

होटल सङ्घ नेपालकी पूर्वअध्यक्ष सिर्जना राणाले होटल क्षेत्रलाई उत्पादनमूलक क्षेत्रले पाउने सुविधा उपलब्ध गराउनुपर्ने, भारतीय पर्यटकले नेपालमा आउँदा बोक्न मिल्ने रकमको सीमा रु २५ हजारबाट बढाउनुपर्ने, विलासिता करमा छुट दिइनुपर्नेलगायतका सुझाव दिइन्।

अर्थसचिव मधुकुमार मरासिनीले अर्थतन्त्रको तथ्यगत विश्लेषण गरेर उपचारात्मक विधि अवलम्बन गर्नुपर्ने र प्रदेश र स्थानीय तहलाई पनि उत्पादनको इन्जिनका रूपमा विकास गर्न आवश्यक रहेको बताए। "यो रूपान्तरणका लागि अवसर पनि हो। निराशालाई आशामा बदल्न केही त गर्नै पर्छ। आत्मविश्वास जगाउने र आशा जगाउने गरी बजेट आउँछ," उनले भने, "न्यून आर्थिक वृद्धिदरको समस्या हरेक वर्ष दोहोरिरहेको छ भने हाम्रो आफ्नै क्षमतामा कहींकतै समस्या छ। यसमा हामी गम्भीर छौं।"

आगामी आर्थिक वर्षको बजेटले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्ने उनले बताए। नीतिगत स्थिरता तथा सरकारका नीतिबीच सामञ्जस्यताको आवश्यकता उनले औंल्याए।

नेपाल अटोमोबाइल्स एशोसिएशन नेपाल (नाडा)का अध्यक्ष करण चौधरीले अटोमोबाइल्स क्षेत्र समस्यामा परेको बताए। विद्युतीय सवारीमा मूल्यको तुलनामा कर्जा धेरै पाउने गरेको, सन्दर्भ मूल्यसूचीले समस्यामा परेको, मेक इन नेपाल नीति प्रभावकारी हुन नसकेको, अटो क्षेत्रलाई अनुत्पादक क्षेत्र भनेर राज्यले प्राथमिकतामा नराखेको, कालोसूचीमा रहेका व्यवसायीले कर चुक्ताको प्रमाणपत्र ल्याउने गरेकोलगायत विषय उठाए।

**दल र ठेकेदारको ...**

नाममा ब्रह्मलुट मच्चेको छ। आएका योजनाहरू कसरी सफल तरीकाले सम्पन्न गर्ने र विकास प्रक्रियालाई अगाडि बढाउनेभन्दा पनि दलका नेता, कार्यकर्ता अनि जनप्रतिनिधिहरू योजनामा कमिशनकै लुँछाचुँडीमा लागेका छन्।

मध्यमाञ्चल सिंचाइ डिभिजन कार्यालयका एकजना कर्मचारीले भने- राजनीतिक दलबाट योजना खरीद गर्न १० देखि २० प्रतिशतसम्म कमिशन बाँडिन्छ, वडाध्यक्षलाई उपभोक्ता समिति गठन गर्न पाँच प्रतिशत वितरण हुन्छ, ओभरसियर, इन्जिनीयर र लेखालाई १०/१० प्रतिशत वितरण हुन्छ। त्यसपछिको रकममा विकास कार्य भइरहेको छ, यसैबाट कामको गुणस्तरीयता मापन हुने ती कर्मचारीले बताए।

# खेलकूदका क्षेत्रमा बजेट पुगेन -मन्त्री श्रेष्ठ

काठमाडौं, २७ वैशाख/रासस

युवा तथा खेलकूदमन्त्री विराजभक्त श्रेष्ठले खेलकूदका क्षेत्रमा पूर्वाधार विकास र खेलाडीहरूलाई प्रोत्साहनका लागि पर्याप्त बजेट नभएको बताएका छन्।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बिहीवारको बैठकमा मन्त्री श्रेष्ठले त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको क्रिकेट रङ्शालाका रूपमा विकासका लागि बजेट अभाव रहेको बताए।

उनले मूलपानी, विराटनगरस्थित गिरिजाप्रसाद कोइराला, बैतडीको दशरथ चन्द, कैलालीको फाप्ला र काठमाडौंको सुवर्णशमशेर क्रिकेट रङ्शाला निर्माणका लागि कार्यक्रम रहे पनि पर्याप्त बजेट नहुँदा गति सुस्त भएको स्वीकारे।

उनले १९औं एशियाली खेलकूद प्रगियोगिताका लागि २५३ जना खेलाडीको स्वदेश र विदेशमा प्रशिक्षण सम्पन्न भएको जानकारी दिए। उनले खेलसम्बन्धी कानून र राष्ट्रिय युवा नीति संशोधनका लागि गृहकार्य भइरहेको बताए।

बैठकमा सांसदहरूले प्रतियोगितामा खेलाडीभन्दा अन्य व्यक्तिको भीड नपठाउन, खेल क्षेत्रलाई अनुशासित र भ्रष्टाचाररहित तुल्याउन आग्रह गरेका थिए।

# उत्तरपुस्तिकासहित चारजना पक्राउ

काठमाडौं, २७ वैशाख/रासस

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले राष्ट्रिय परीक्षा बोर्डको उत्तरपुस्तिकासहित चारजनालाई पक्राउ गरी बिहीवार सार्वजनिक गरेको छ। पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-६ सरस्वतीनगर कपन बस्ने ३८ वर्षीय माधव त्रिपाठी, दक्षिणकाली नगरपालिका-८ बस्ने १९ वर्षीय सविन पौडेल, कागेश्वर मनहरा बस्ने २० वर्षीय सितेशकुमार यादव र काठमाडौं थली बस्ने २३ वर्षीय रोशन रानाभाट रहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए।

उनले भने, "हिजो बुधवार बिहान ८ देखि १० बजेसम्म चलेको कक्षा १२ को कम्प्युटर साइन्सको परीक्षाअगाडि नै प्रश्नपत्र सार्वजनिक गरी काठमाडौं महानगरपालिका-६ स्थित वेलकम पार्टी प्यालेसको हलमा राष्ट्रिय परीक्षा बोर्डबाट जारी भएको मूल उत्तरपुस्तिकामा उत्तर हल गरिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको हो।" पक्राउ परेका विरुद्ध शिक्षा ऐन २०२८ बमोजिम जिल्ला प्रहरी परिसरबाट थप अनुसन्धान भइरहेको प्रवक्ता नवराज अधिकारीले बताए।

# करेन्ट लागेर धनुषामा एकजनाको मृत्यु

जनकपुर, २७ वैशाख/रासस

धनुषामा करेन्ट लागेर ३० वर्षीय एक युवकको मृत्यु भएको छ।

बिहीवार बिहान ६ बजे बटेश्वर गाउँपालिका-२ रमौली टोलका ३० वर्षीय अमरेशकुमार महतोको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता रञ्जन अवालेले घटनाको पूर्ण विवरण प्राप्त भइनसकेको बताउँदै वन्यजन्तुबाट बालीनालीको सुरक्षाका लागि खेतबारीमा थापिएको विद्युतीय धराप (करेन्ट)मा परेर महतोको मृत्यु भएको प्रारम्भिक जानकारी प्राप्त भएको बताए।

महतोको शव शल्यपरीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको र घटना सम्बन्धमा अनुसन्धान भइरहेको उनले जानकारी दिए।

**एमसिए ...**

नेपालले विद्युत् प्रसारण आयोजना अन्तर्गत प्रसारण लाइन र सबस्टेशनहरूको निर्माणसम्बन्धी सम्पूर्ण कार्यलाई तीव्रतापूर्वक अगाडि बढाइरहेको छ। बाँकी दुईवटा सबस्टेशनको निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नका लागि हामी खरीद प्रक्रियाको अन्तिम चरणमा छौं।"

एमसिए-नेपालले नेपाल सरकारको लगानी तथा अमेरिकी सरकारको मिलेनियम च्यालेन्ज कर्पोरेशनबाट आर्थिक अनुदान प्राप्त विद्युत् प्रसारण आयोजना अन्तर्गत यस सबस्टेशनका अतिरिक्त नुवाकोट जिल्लाको रातमाटेमा र तनहुँ जिल्लाको दमौलीमा पनि एक/एक वटा सबस्टेशन निर्माण गर्दैछ। ती सबस्टेशनका लागि निर्माण कम्पनीको छनोट हुँदैछ।

अर्थ मन्त्रालयका सचिव अध्यक्ष रहेको एमसिए-नेपालको सञ्चालक समितिको २०८० फागुनमा बसेको बैठकले भारतसँगको सम्झौतामा उल्लेख गरिएअनुरूप सीमापार ऊर्जा व्यापारलाई समयमैं अगाडि बढाउनका लागि सहजीकरण गर्न नयाँ बुटवल-गोरखपुर विद्युत् प्रसारण लाइनको नेपाली क्षेत्रमा पर्ने १८ किमी अंशको निर्माणलाई अगाडि बढाउने निर्णय गरेको थियो।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२१११२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# केएफसी र क्लार्कमा महानगरको अनुगमन

प्रस, वीरगंज, २७ वैशाख/

वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमको संयोजकत्वमा गठित बजार अनुगमन समितिले बिहीवार होटलहरूको अनुगमन गरेको छ।



तस्वीरः सौजन्य

जनगुनासो प्राप्त भएपछि अनुगमन टोलीले केएफसीको किचेन र आउटलेटमा अनुगमन गरेको थियो। अनुगमनको क्रममा केएफसीमा सबै ठीक रहेको र केही कैफियत नभेटिएको वीरगंज महानागरका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत विपिनकुमार दासले बताए।

यसैगरी टोलीले गण्डकस्थित क्लार्क रिसोर्टको पनि अनुगमन गरेको थियो। अनुगमन गर्दा क्लार्क रिसोर्टको किचेन फोहोर देखिएको, किचेनमा प्रतिबन्धित हाइड्रो पाइएको र डेटस्पाएर भएको मसलाहरूसमेत पाइएपछि होटल प्रशासनलाई सचेत गराइएको अनुगमन टोलीका सदस्य कन्हैया ठाकुरले बताए।

अनुगमन टोलीका सदस्य एवं होटल तथा पर्यटन व्यवसायी सङ्घका अध्यक्ष हरि पन्तले सरसफाइ गरी भान्सालाई व्यवस्थित राख्न तथा ग्राहकलाई स्वस्थ परिकार र सेवा दिन सुझाव दिए।

अनुगमन टोलीमा खाद्य अधिकृत सुरेशकुमार सिंह, होटल तथा पर्यटन ब्यवसायी सङ्घका अध्यक्ष हरि पन्त, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, वीरगंज उद्योग वाणिज्य सङ्घका प्रतिनिधिलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## मारवाडी क्रिकेट लिगः लुम्बिनी र वीरगंजको जीत

लुम्बिनी (मर्चवार), २७ वैशाख/रासस

चौथो संस्करणको नेपाल मारवाडी क्रिकेट लिग अन्तर्गत समूह 'बी'को आज भएका दुई खेलमा वीरगंज ब्लास्टर र लुम्बिनी लायन्स विजयी भएका छन्। वीरगंजले नेपालगंज वारियर्सलाई नौ विकेट र लुम्बिनीले शिवम् वारियर्स हेटौंडालाई आठ विकेटले पराजित गर्दै जीत निकालेका हुन्।

लुम्बिनीको यो लगातार दोस्रो जीत हो भने वीरगंजको पहिलो जीत हो। नेपाल राष्ट्रिय मारवाडी युवा सङ्गठन केन्द्रीय समितिको आयोजनामा भइरहेको प्रतियोगिताको आजको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको नेपालगंजले निर्धारित २० ओभरमा १० ओभर चार बलमा सबै विकेट गुमाउँदै ५० रनको झिनो स्कोर खडा गर्‍यो।

उसका लागि शिनु अग्रवालले १७ तथा प्रशान्त मुनधारा र निखिल अग्रवालले समान १०/१० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न नसक्दा टीम सस्तैमा रोकियो। उसलाई झिनो स्कोरमा रोक्न बलिङमा वीरगंजका सुरज जोशीले चार तथा केयल र पियुस शर्माले समान दुई/दुई विकेट लिए।

जवाफी ब्याटिङ गरेको वीरगंजले चार ओभर चार बलमा एक विकेटको नोक्सानीमा ५१ रन बनाउँदै सानदार जीत निकाल्यो। उसका लागि सुमित कादमियाले अविजित सर्वाधिक ३४ रन बनाए। बलिङमा नेपालगंजका अभी अग्रवालले एक विकेट लिए। खेलमा सुरज जोशी 'प्लेयर अफ दी म्याच' भए।

दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको शिवमले १६ ओभर तीन बलमा सबै विकेट गुमाएर जम्मा ५४ रन मात्रै बनाउन सक्यो। उसका लागि दिवेश शर्माले १५ रन बनाए पनि अन्य ब्याटर्सले दोहोरो अङ्कमा रन बुटल्न सकेनन्। बलिङमा उसलाई सस्तैमा रोक्न लुम्बिनीका दिनेश अग्रवालले चार, शुभम् अग्रवालले तीन, दामोदर शर्माले दुई र सोमेश अग्रवालले एक विकेट लिए।

जवाफी ब्याटिङ गरेको लुम्बिनीले पाँच ओभर छ बलमा दुई विकेटको नोक्सानीमा ५६ रन बनाउँदै सहजै जीत दर्ज गर्‍यो। उसको जीतमा शुभम् अग्रवालले सर्वाधिक २७ रनको योगदान दिए। बलिङमा शिवम् वारियर्स हेटौंडाका आर्यन अग्रवालले दुई विकेट लिए। खेलमा शुभम् अग्रवाल 'म्यान अफ दी म्याच भए।

# २०४४ सालको एसएलसी बचत समूहद्वारा आमाबुबाको सम्मान

प्रस, जीतपुर, २७ वैशाख/

जीतपुरसिमरा उपमहानगरपालिका–७ जीतपुरस्थित माध्यमिक विद्यालय नगौंल जीतपुरका २०४४ सालको एसएलसी बचत समूहले आमाबाबुलाई सम्मान गरेको छ।



तस्वीरः सौजन्य

आमाको मुख हेर्ने पर्वको अवसरमा २०४४ एसएलसी बचत समूहका घनश्याम गिरी, गम्भीरा सहनी, दीपक ढुङ्गेल, रामहरि रिमाल, सरस्वती घिमिरे, चन्द्र तिमल्सिना, कन्दर्प राजपुरी, ज्ञानेन्द्र ढकाल, दिनेश कलवार, दीपक ठाकुर, बद्री साह, उमेश तिवारी तथा काठमाडौंका हरि मिजार, कृष्णकुमारी ढकाल, सुमित्रा श्रेष्ठ, जानुका फुयाल, रामशरण गौतमलगायत समूहगत रुपमा आमाबुबालाई सम्मान गर्दै प्रमाणपत्रसहित आशीर्वाद ग्रहण गरेका थिए।

कार्यक्रममा सहभागीहरुले ज्युँदो आमाबुबा भगवान् हुन् भन्दै दोसल्ला ओढाएर सम्मानपत्रले सम्मानित गरेका थिए।

# मधेस प्रदेशमा १० महीनामा आगलागीबाट १९ जनाको मृत्यु

जनकपुरधाम, २७ वैशाख/रासस

मधेस प्रदेशमा विगत १० महीनामा आगलागीबाट १९ जनाको अकालमा मृत्यु भएको छ। चालू आर्थिक वर्ष २०८०/८१



तस्वीरः फाइल

को साउनदेखि हालसम्ममा १२ महिलासहित १९ जनाको मृत्यु भएको मधेस प्रदेश प्रहरी कार्यालय, जनकपुरधामले जनाएको छ।

साथै आगलागीमा परेर १५ जना बालबालिकासहित १३९ जना घाइते भएका छन्। सो आगलागीबाट सबैभन्दा बढी धनुषामा छजना, सिराहामा पाँचजना, रौतहटमा तीनजना, बारामा दुईजना, पर्सा, महोत्तरी तथा सर्लाहीमा एक/एक जनाको मृत्य भएको हो।

त्यसैगरी, आगलागीबाट २९६ वटा पशुचौपाया जलेर मरेका छन् भने ११४ वटा पशुचौपाया घाइते भएका सो कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक सुवासचन्द्र बोहोराले जानकारी दिए। कार्यालयका अनुसार आगलागीबाट मधेस प्रदेशका आठवटा जिल्लामा एक हजार १० घरगोठ जलेर नष्ट भएका तथा एक हजार २६६ वटा आगलागीका घटना भएका छन्।

आगलागीबाट जलेका एक हजार १० घरगोठ अन्तर्गत कच्ची घर ६६९, पक्की घर ८८ तथा गोठ २५३ रहेका छन्। प्राप्त विवरणमा सबैभन्दा बढी आगलागीका घटना सिराहामा २२९ वटा भएका तथा सबैभन्दा कम सर्लाहीमा १११ वटा भएका थिए। महोत्तरीमा १९२ वटा, बारामा १२९, रौतहटमा ८८ वटा, पर्सामा ७५ वटा र धनुषामा २५, सप्तरीमा १९४ घरगोठ जलेर नष्ट भएका बताइएको छ।

प्रदेश प्रहरी कार्यालय अनुसार आगलागीमा रु ९९ करोड ६० लाख ३७ हजार मूल्य बराबरको धनमाल जलेर नष्ट भएको विवरणमा उल्लेख गरिएको छ। प्रवक्ता बोहोराका अनुसार चर्को घाम, गर्मी, तातो हावा, पानीको अभाव, घनाबस्ती तथा चेतनाको कमी र लापरवाहीका कारणले आगलागीका घटना भएको उल्लेख गरे। आगलागीपीडितलाई राहत सहयोग सरकारी तथा गैरसरकारी पक्षबाट भइरहेको बताइएको छ।

# बाल सङ्गठनका पूर्वपदाधिकारीलगायत २० जनाविरुद्ध पक्राउ पुर्जी जारी

काठमाडौं, २७ वैशाख/रासस

काठमाडौंको नक्सालस्थित बालमन्दिरको जग्गा हिनामिना प्रकरणमा बाल सङ्गठनका पूर्वपदाधिकारीलगायत २० जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। सङ्गठनका पूर्वपदाधिकारीदेखि सो जग्गामा व्यापारिक गतिविधि सञ्चालन गर्ने घरानाका सदस्यसमेतका नाममा जिल्ला अदालत काठमाडौंबाट पक्राउ पुर्जी जारी भएको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) का प्रवक्ता एवं प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए।

उनले भने, "बालमन्दिरको जग्गा हिनामिना प्रकरणमा अदालतबाट हामीलाई पक्राउ गर्न अनुमति प्राप्त भएको छ, पक्राउ गरेर आवश्यक अनुसन्धान शुरू गर्छौं।" अदालतले २० जनाविरुद्ध पक्राउ अनुमति दिएको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले जनाएको छ।

सिआइबीमा बिहीवार बाल सङ्गठनको जग्गा विवादमा संलग्न व्यक्तिहरूविरुद्ध जाहेरी परेको प्रवक्ता बोगटीले बताए। नेपाल बाल सङ्गठनलाई हानिनोक्सानी पुर्‍याउने उद्देश्यले विसं २०४९ देखि २०७२ सालसम्म पटकपटक न्यून रकममा सम्झौता गरेको तथा आगामी २०८९ सालमा सकिने सम्झौता पनि बदनियतरूपमा म्याद समाप्त नभई नवीकरण गरेको भन्ने आरोप लागेको छ। नक्सालमा रहेको करीब २८ रोपनी पाँच आना एक पैसा जग्गा वार्षिक रु एक करोड नौ लाख तिर्ने गरी (पछिल्लो सम्झौता अनुसार) लिजमा दिइएको बताइएको छ। आन्तरिक र पुराना प्रतिवेदनमा बालमन्दिरको जग्गा हिनामिना भएको देखिएपछि अनुसन्धानका लागि भन्दै बिहीवार नेपाल बाल सङ्गठनले केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)मा जाहेरी दिएको बताइएको छ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# अघोषित लोडसेडिङ नगर्न विद्युत् प्राधिकरणलाई ध्यानाकर्षण

प्रस, परवानीपुर, २७ वैशाख/

राष्ट्रिय स्वतन्त्र पार्टी, पर्साले बिहीवार नेपाल विद्युत प्राधिकरण वीरगंज वितरन केन्द्रका प्रमुखलाई ध्यानाकर्षणपत्र बुझाएको छ।



तस्वीरः सौजन्य

विद्युत आपूर्ति नियमित नहुँदा बिद्यार्थी, व्यापारी र सर्वसाधारणलाई मर्का परेको भन्दै अघोषित लोडसेडिङ समस्याको समाधान गर्न ध्यानाकर्षण गराइएको रास्वपा क्षेत्र नं. १ का सभापति सोएब अनवरले बताए।

टोलीमा महादेव प्रसाद कुर्मी, मुकेश कुमार कुर्मी, सोनालाल पटेललगायतको सहभागिता थियो।

## चट्याङको समयमा सतर्क रहौं।

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



वीरगंज महानगर–९ घडिअर्वास्थित एकजना व्यक्तिको फूसको घरमा आगलागी भएको छ। तस्वीरः प्रतीक